# कर्णाली प्रदेश सभामा आर्थिक मामिला तथा योजनामन्त्री बेदराज सिंहले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८०/८१ को
# बजेट वक्तव्य

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत
२०८०

**माननीय सभामुख महोदय,**

१. नेपालको संविधानको धारा २०७ बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले कर्णाली प्रदेश सभाको दोस्रो कार्यकालको पहिलो बजेटको रूपमा सम्मानित प्रदेश सभाको यस बैठकमा आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२. नेपाली जनताले लोकतन्त्र प्राप्ति तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय समयमा गरेका सशस्त्र सङ्घर्ष, जनआन्दोलन एवम् कर्णाली प्रदेश स्थापनार्थ भएको आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। यस अवसरमा सहिद परिवार, विभिन्न आन्दोलनका घाइते, अपाङ्ग तथा वेपत्ता नागरिकप्रति उच्च सम्मान प्रकट गर्दछु।

३. विश्वव्यापी महामारीबाट सम्पूर्ण मानव जाति नै मानवीय र आर्थिक रूपमा सङ्कटग्रस्त बनेको परिवेश बिर्सन नपाउँदै मुलुकको अर्थतन्त्रमा देखिएको शिथिलताको प्रत्यक्ष प्रभाव कर्णाली प्रदेशमा समेत परेको छ। मानव विकास सूचकाङ्क, भौतिक पूर्वाधार, आर्थिक गतिविधि, रोजगारी, अवसर, पहुँच र

स्रोतबाट पछि परेको यस प्रदेशको समृद्धिमा यो बजेटले सकरात्मक प्रभाव पार्ने विश्वास लिएको छु।

४. कर्णाली प्रदेशको जटिल तथा कठिन भूगोल, सीमित स्रोत साधन, प्राकृतिक स्रोतको न्यून उपयोग, न्यून आन्तरिक राजस्व परिचालन तथा दक्ष प्राविधिक जनशक्तिको अभाव र अन्तर सरकारबीचको कमजोर समन्वयको कारणबाट उपलब्ध स्रोतको प्रभावकारी उपयोग हुन सकेको छैन। नयाँ अवसर तथा स्रोत साधनको पहिचान गर्दै उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी प्रदेशको बहुआयामिक गरिबी, बेरोजगारी, भोकमरी र विपन्नता, कमजोर स्वास्थ्य अवस्था, अशिक्षा, सामाजिक पछौटेपन लगायतका मूलभूत समस्याहरूको सम्बोधन गर्ने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु।

५. प्रदेशको समग्र विकासलाई दिगो, परिणाममुखी, उत्पादनमूलक तथा जनमैत्री बनाउन सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहकार्य र सहभागितामा विकास आयोजनाहरूको छनोट र कार्यान्वयन गरिनेछ। न्यून रकम विनियोजनको कारण लामो समयदेखि सम्पन्न हुन नसकेका बहुवर्षीय र क्रमागत आयोजनाहरूको लागि पर्याप्त रकम विनियोजन गरी पूर्वाधार विकासको गतिलाई तीव्रता दिइनेछ।

६. नेपालको संविधान बमोजिम प्रदेश सरकारलाई प्राप्त अधिकारको सफल कार्यान्वयन, सुशासन, विकास, गरिबी निवारण, समावेशीता र सामाजिक न्याय तथा समाजवाद उन्मुख आर्थिक-सामाजिक संरचनाको विकास गर्दै रोजगारी मार्फत स्वरोजगारी सिर्जनाका लागि खनिज पदार्थ, कृषि र वन पैदावरमा आधारित वस्तु उत्पादन, प्रशोधन, आपूर्ति र बजारीकरणमा जोड दिई दिगो तथा समावेशी आर्थिक वृद्धि हासिल गर्नका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।

७. कर्णालीवासीको समृद्धिको तीव्र आकाङ्क्षा, पन्ध्रौं योजना, कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य, प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम, **समृद्ध नेपाल सुखी नेपाली**को दीर्घकालीन राष्ट्रिय आकाङ्क्षामा आधारित **समृद्ध कर्णाली सुखारी कर्णालीवासी**को दीर्घकालीन सोच तथा विनियोजन विधेयक, २०८० का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा माननीय सदस्यहरूबाट प्राप्त महत्त्वपूर्ण राय सुझावलाई बजेट तर्जुमा गर्दा मार्गदर्शनको रूपमा लिएको छु। साथै सङ्घीय सरकार, स्थानीय तह, राजनीतिक दल, सङ्घ संस्था, विद्वत् वर्ग, आम नागरिक, नागरिक समाज, निजी क्षेत्र, सञ्चार जगत लगायत सबैबाट प्राप्त सुझावलाई समेत बजेट तर्जुमाको आधार बनाएको छु।

**माननीय सभामुख महोदय,**

कर्णाली प्रदेशको आर्थिक, सामाजिक स्थिति, विवरण र तथ्याङ्क समावेश गरिएको आर्थिक सर्वेक्षण २०७९/८० यसै बजेट साथ सार्वजनिक गरेको छु। अब म प्रदेशको विद्यमान अवस्थाको सङ्क्षिप्त जानकारी प्रस्तुत गर्दछु।

८. कर्णाली प्रदेशको क्षेत्रफल नेपालको कूल भू-भागको करिब २१ प्रतिशत रहेको छ। नेपालको राष्ट्रिय जनगणना, २०७८ को नतिजा अनुसार यस प्रदेशको जनसङ्ख्या १६ लाख ८८ हजार ४ सय १२ अर्थात् कूल जनसङ्ख्याको ५.७९ प्रतिशत र जनसङ्ख्या वृद्धिदर ०.७० प्रतिशत रहेको छ। जसमध्ये महिलाको जनसङ्ख्या ८ लाख ६४ हजार ६ सय ५१ र पुरूषको जनसङ्ख्या ८ लाख २३ हजार ७ सय ६१ रहेको छ।

९. राष्ट्रिय तथ्याङ्क कार्यालयले हालै सार्वजनिक गरेको प्रक्षेपण अनुसार नेपालको चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर २.१६ प्रतिशत र कर्णाली प्रदेशको आर्थिक वृद्धिदर २.१८ प्रतिशत हुने अनुमान रहेको छ।

१०. नेपाल मानव विकास प्रतिवेदन, २०२० अनुसार सामाजिक, आर्थिक सूचकाङ्कमा कर्णाली प्रदेशको अवस्था कमजोर देखिन्छ। नेपालको मानव विकास सूचकाङ्क ०.६०२ रहेकोमा कर्णाली प्रदेशको ०.५३८ रहेको छ। नेपालको

कुल राष्ट्रिय प्रतिव्यक्ति आय १ हजार ३ सय ९९ अमेरिकी डलर र कर्णाली प्रदेशको ९ सय ९७ अमेरिकी डलर रहेको छ। नेपालको गरिबी १८.६ प्रतिशत र बहुआयामिक गरिबी १७.४ प्रतिशत रहेकोमा कर्णाली प्रदेशको गरिबी २८.९ प्रतिशत र बहुआयामिक गरिबी ३९.५ प्रतिशत रहेको छ। राष्ट्रिय औसत आयु ७१.७४ वर्ष र कर्णालीवासीको औसत आयु ६७.०३ वर्ष रहेको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार (पाँच वर्ष वा सो भन्दा माथि) कूल साक्षरता दर ७६.२ प्रतिशत रहेकोमा कर्णाली प्रदेशको साक्षरता दर ७६.१ प्रतिशत रहेको छ।

**माननीय सभामुख महोदय,**

अब म गत आर्थिक वर्षका केही तथ्याङ्क सहित चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको समीक्षा पेस गर्ने अनुमति चाहन्छु।

११. कर्णाली प्रदेशको विगत पाँच वर्षको कुल बजेट १ खर्ब ३३ अर्ब ९४ करोड ४७ लाख ४२ हजार प्रस्तुत भएको थियो। बजेटको संरचना हेर्दा चालु तर्फ ३६.७९ प्रतिशत र पुँजीगत तर्फ ६३.२१ प्रतिशत विनियोजन भइ सो विनियोजनको चालुतर्फ ६०.१४ प्रतिशत र पुँजीगततर्फ ५२.५९ प्रतिशत खर्च भइ समग्रमा ५५.३७ प्रतिशत खर्च भएको छ। आर्थिक वर्ष २०७९/८० को जेठ मसान्तसम्मको खर्च चालुतर्फ

४८.१० प्रतिशत र पुँजीगततर्फ ३४.६१ प्रतिशत खर्च भइ समग्रमा ४०.१२ प्रतिशत खर्च भएको छ। यो गत वर्षको यसै अवधिको खर्च भन्दा ९.९२ प्रतिशत बढी हो।

१२. प्रदेशको स्थापना भए देखि आर्थिक वर्ष २०७८/७९ सम्मको आन्तरिक राजस्व सङ्कलन १ अर्ब ६० करोड ५२ लाख भएको छ। आर्थिक वर्ष २०७९/८० मा प्रदेशको आन्तरिक राजस्व सङ्कलन जेठ मसान्तसम्म रू. ५३ करोड २० लाख अर्थात् लक्ष्यको तुलनामा ७४.६२ प्रतिशत रहेको छ।

१३. चालु आर्थिक वर्षको बजेटको तुलनामा विनियोजनको ७९.८० प्रतिशत अर्थात् रू. २६ अर्ब १२ करोड ८७ लाख २९ हजार खर्च हुने अनुमान छ।

१४. आर्थिक वर्ष २०७५/७६ देखि २०७८/७९ सम्मको अवधिमा सङ्घीय सरकारबाट सुरु बजेटमा सशर्त, समपूरक र विशेष अनुदानमा कुल रू. २३ अर्ब ७५ करोड ५३ लाख प्राप्त भएकोमा सम्बन्धित आर्थिक वर्षभित्र खर्च हुन नसकी जम्मा रू. ८ अर्ब १४ करोड ४६ लाख सङ्घीय सञ्चित कोषमा फिर्ता भएको छ।

**माननीय** सभामुख **महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका उद्देश्यहरू निम्नानुसार प्रस्तुत गरेको छु।

(क) रोजगारीका अवसरहरू सिर्जना गरी स्वरोजगार मार्फत कर्णालीवासीको आर्थिक र सामाजिक विकास गर्दै प्रदेशको समग्र अर्थतन्त्रको विकास गर्ने।

(ख) कृषि, उद्योग, खनिज, वन तथा पर्यटन लगायतका क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक विकास तथा खाद्य अधिकार, खाद्य सम्प्रभुत्ता सहितको खाद्य सुरक्षा र पोषण सुनिश्चित गर्ने।

(ग) सार्वजनिक, निजी र सामुदायिक क्षेत्रसँग उपलब्ध स्रोत साधनको उत्पादनशील क्षेत्रमा परिचालन गर्न लगानीमैत्री वातावरण सिर्जना गरी कर्णाली प्रदेशलाई आकर्षक लगानी प्रदेशको रूपमा विकास गर्ने,

(घ) आर्थिक-सामाजिक सशक्तीकरणको माध्यमबाट सामाजिक विकास, सुरक्षा र सामाजिक न्याय प्रत्याभूत सहित रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने।

(ङ) गुणस्तरीय सार्वजनिक सेवा प्रवाह, शान्ति सुरक्षा र भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने,

(च) बजेट प्रणालीमा सुधार गर्न सङ्घ, प्रदेश र स्थानीय तह, निजी क्षेत्र र अन्य सरोकारवालासँग समन्वय र सहकार्य गरी सार्वजनिक खर्चमा प्रभावकारीता अभिवृद्धि गर्ने।

**माननीय सभामुख महोदय,**

बजेट तथा कार्यक्रमका माथि उल्लेखित उद्देश्यहरु प्राप्त गर्न क्षेत्रगत र कार्यक्रमगत प्राथमिकताहरू निम्नानुसार प्रस्तुत गरेको छु।

(क) प्रदेश गौरवका आयोजना, बहुवर्षीय, अधुरा तथा क्रमागत आयोजना सम्पन्न गर्ने, नतिजामुखी नयाँ आयोजना अध्ययन गरी कार्यान्वयनमा तीब्रता,
(ख) प्रत्येक वर्ष कम्तीमा दश हजार रोजगारी सिर्जना हुने गरी बहुक्षेत्रीय उपयोग र बहुपक्षीय साझेदारीमा **कर्णाली समृद्धि अभियान** मार्फत स्वरोजगारी सिर्जना,
(ग) स्वास्थ्य सेवामा नागरिकको पहुँच वृद्धिका लागि स्वास्थ्य पूर्वाधार, जनशक्ति विकास र संस्थागत सुदृढीकरण,
(घ) प्रविधीमैत्री, गुणस्तरीय र जीवनोपयोगी ज्ञानका लागि उच्च शिक्षामा लगानी,
(ङ) कृषिको आधुनिकीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि,
(च) वन, उद्योग, पर्यटन प्रवर्द्धन र पर्यावरण संरक्षण,

(छ) सामाजिक सचेतना, सामाजिक न्याय र समावेशीकरण,

(ज) सार्वजनिक वित्त व्यवस्थापनमा सुधार,

(झ) सुशासन प्रवर्द्धन र गुणस्तरीय तथा पहुँचयोग्य सार्वजनिक सेवा प्रवाह।

**माननीय सभामुख महोदय,**

अब, म आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटका कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**१५.** कर्णाली प्रदेशको मुख्य समस्याको रुपमा रहेको गरिबी अन्त्यका लागि वार्षिक न्यूनतम १० हजार रोजगारी सिर्जना गर्न **शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारः त्यसका लागि पूर्वाधार** भन्ने अभियानका साथ **कर्णाली समृद्धि अभियानलाई परियोजनाको रुपमा** सञ्चालन गरिनेछ। बेरोजगार युवाहरुलाई नवप्रवर्तनमा आधारित उत्पादनमूलक उद्योग तथा व्यवसाय सञ्चालनका लागि रोजगारी मार्फत स्वरोजगारी प्रवर्द्धन गर्न सिप नक्साङ्कन गरी आवश्यक ज्ञान, सिप, तालिम, प्रविधि र वित्तीय पहुँचको व्यवस्था मिलाई स्वरोजगार बनाइनेछ। कर्णाली समृद्धि परियोजनालाई प्रदेशको रुपान्तरणकारी आयोजनाको रुपमा विकास गरिनेछ। यस परियोजनालाई व्यवस्थित, पारदर्शी नतिजामुखी र दिगो बनाउन

छुट्टै ऐन तर्जुमा गरी कार्यान्वयन गरिनेछ। यसका लागि रु. १ अर्ब ५० करोड विनियोजन गरेको छु।

**१६.** कर्णाली प्रदेश भित्रका विषयगत मन्त्रालयहरुले सञ्चालन गर्ने सिप विकास तालिम, उत्पादन प्रोत्साहन, प्रशोधन केन्द्र स्थापना र बजारीकरण, स्टार्टअप बिजनेस लगायतका उत्पादन र रोजगारीसँग सम्बन्धित कार्यक्रमहरुलाई क्रमश: कर्णाली समृद्धि परियोजनासँग आवद्ध गर्दै लगिनेछ।

**सडक तथा भौतिक पूर्वाधार**

१७. कर्णाली प्रदेशमा सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकासका लागि प्रदेश सडक गुरूयोजना तयार गर्ने काम सम्पन्न गरिनेछ। गुरूयोजना अनुसार सडकहरूको प्राथमिकताका आधारमा योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१८. प्रदेश राजधानी वीरेन्द्रनगर तथा पञ्चपुरी र भेरीगङ्गा उपत्यकालाई हरित सहरको रूपमा विकास गर्न सफा, सुन्दर, व्यवस्थित र सभ्य सहरको रूपमा रूपान्तरण गरी नेपालकै आकर्षक पर्यटकीय गन्तव्य बनाउन स्थानगत योजना निर्माण गरी पूर्वाधार विकास गरिनेछ।

१९. प्रदेशका रणनीतिक महत्त्वका सडकहरू खार्पुनाथ–टापुलेख सडक, त्रिवेणी–नर्कु–सर्मी–भालुलेक–जुम्ला सडक, जुम्ला–

दानसाँघु–चोत्र–काइगाउँ–डोल्पा सडक र देवस्थल–कैनकाँडा–चौरजहारी–डोल्पा सडक निर्माण तथा स्तरोन्नति गर्न प्राथमिकता दिएको छु।

२०. चिसापानी राडी नदुवा मुसिकोट सडक निर्माण कार्यलाई निरन्तरता दिन रू. ३२ करोड विनियोजन गरेको छु।

२१. प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम जोड्ने सडकको स्तरोन्नति तथा निर्माण कार्यलाई प्राथमिकता दिएको छु। बड्डीचौर–बिम्रेनी–बाबियाचौर–विद्यापुर सडक, बालुवासङ्ग्रही–कुपिण्डे–खलङ्गा सडक र माथिल्लो डुङ्गेश्वर–दुल्लु–ब्याउली–कालिकोट सडकलाई कालोपत्रे गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु।

२२. कर्णाली प्रदेशभित्रका सडक सञ्जालसँग जोड्न बाँकी रहेका स्थानीय तहहरूको केन्द्र जोड्ने सडक तथा स्थानीय तहको केन्द्रदेखि मौजुदा मुख्य सडक सञ्जाल वा जिल्ला सदरमुकाम जोड्ने सडक निर्माणलाई प्राथमिकता दिई रकम विनियोजन गरेको छु।

२३. पूर्वाधार निर्माण कार्यको गुणस्तर, दिगोपना र विश्वसनीयता अभिवृद्धि गर्न निर्माण सामग्री तथा निर्मित पूर्वाधारको गुणस्तर परीक्षणका लागि प्रदेश राजधानी वीरेन्द्रनगरमा भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय अन्तर्गत रहने गरी

सुविधासम्पन्न गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गर्ने व्यवस्था मिलाएको छु।

२४. प्रदेशभित्रका रणनीतिक महत्त्वका दोमुख–तारापानी–गमगढी–नाक्चेलाग्ना सडक, घाटगाउँ–कुल्लीमारी सडक, थारमारे–बडागाउँ–चौरजहारी सडक निर्माण कार्यलाई निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेको छु।

२५. अन्तरप्रदेश जोड्ने सडकलाई प्राथमिकतामा राखी निर्माण कार्य अगाडि बढाउन रानीघाट-भुरीगाउँ-तेलपानी सडक र कालिकोट–लालु–लैफु–कोटवाडा-राष्कोट हुँदै रामारोशन जोड्ने सडकको निर्माण तथा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिन रू. १८ करोड विनियोजन गरेको छु।

२६. हुड्के व्युरेनी माझघाट चेपाङ्ग जामु सडक स्तरोन्नतिका लागि रू. ३६ करोड र सर्केगाड मारधारे खार्पुनाथ सिमकोट सडक निर्माणको लागि रू. १० करोड विनियोजन गरेको छु।

२७. प्रदेशको महत्त्वपूर्ण पर्यटकीय केन्द्र रारालाई ताल्चा विमानस्थलसँग जोड्ने सडक कालोपत्रे गर्नका लागि रू. १ करोड विनियोजन गरेको छु।

२८. कालिमाटी रामपुर रामबजार लुहाम सल्यान खलङ्गा जोड्ने सडक निर्माणका लागि रू. ८ करोड ३२ लाख विनियोजन गरेको छु।

२९. सल्यान खलङ्गा – कालिमाटी – घुइयाबारी – काप्रेचौर – खर्कबार –कोहलपुर सडक आयोजनाका लागि रू. १२ करोड छुट्याएको छु।

३०. कालिमाटी–खाल्चौर–नेटिलेक सडक खण्डको सक्ला खारी बयाल लिम्सा सडक, छेडा थलह सानाखोला चाँदे जुम्ला सडक र रानागाउँ रेडक्रस भवन देखि वि.पी. पार्क टाउके बजार मछाइना झाप्रा थलह सडक निर्माण तथा स्तरोन्नतिका लागि रू. १२ करोड ५० लाख विनियोजन गरेको छु।

३१. कर्णाली प्रदेशको मेरुदण्डको रूपमा रहेका सुर्खेतको छिन्चु देखि उपल्लो डोल्पा जाने भेरी करिडोर, वीरेन्द्रनगरबाट हुम्लाको हिल्सासम्मको कर्णाली करिडोर र कर्णाली राजमार्ग अन्तर्गत कालिकोटको सेरिघाट–जुम्लाको खलङ्गा–मुगुको नाक्चेलाग्ना खण्ड समेत गुणस्तरीय निर्माण तथा स्तरोन्नति हुन सकेमा शे-फोक्सुण्डो ताल, रारा ताल र लिमीबाट कैलाश मानसरोवर दर्शनका लागि लाखौं पर्यटक आकर्षित भइ कर्णालीबासीका लागि रोजगारी सिर्जना हुने र यसबाट प्रदेशको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुग्ने भएकोले सङ्घीय सरकारसँग सहकार्य गरी यी करिडोर र राजमार्गको निर्माण तथा स्तरोन्नति प्रदेश सरकारबाट समेत गर्ने लक्ष्य सहित एकमुष्ट रु. १५ करोड विनियोजन गरेको छु।

३२. प्रदेश निर्वाचन क्षेत्रभित्रको रणनीतिक सडकलाई थप स्तरोन्नति गर्दै एक निर्वाचन क्षेत्र एक बहुवर्षीय सडक आयोजना कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

३३. ग्रामीण सडक सञ्जाल आयोजना अन्तर्गत विस्तृत ईन्जिनियरिङ्ग अध्ययन सम्पन्न भइ वातावरणीय अध्ययन भइरहेका जाजरकोट जिल्लाको मोर्क–चङ्खिला–बडावन–सानाखोला सडक, सुर्खेत जिल्लाको दशरथपुर–डाँडागाउँ–जितेजुवा–ढाडखेत–मटेला-धरमपोखरा सडक, रुकुम पश्चिमको चौरजहारी–नार्जि–खोलागाऊँ–चौफा–बैरागीठाँटी–मुसिकोट-सल्ले सडकका लागि रु. ७४ करोड ३६ लाख विनियोजन गरेको छु।

३४. प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना अन्तर्गत विस्तृत ईन्जिनियरिङ्ग अध्ययन सम्पन्न भइ वातावरणीय अध्ययन भइरहेका डुङ्गेश्वर-डाँडापराजुल सडक दैलेख र गल्फागाड थाडाकाटे सडक हुम्लालाई दातृ निकायको साझेदारीमा आगामी आर्थिक वर्ष देखि कार्यान्वयन गर्न रू. ६० करोड ९० लाख विनियोजन गरेको छु।

३५. डोल्पा जिल्लाको मुड्केचुला गाउँपालिका केन्द्र जोड्ने सडक निर्माण र कालिकोट जिल्लाको महावै गाउँपालिका केन्द्र

जोड्ने सडक निर्माणका लागि रू. १० करोड विनियोजन गरेको छु।

३६. बहुवर्षीय र क्रमागत आयोजनाको रुपमा कार्यान्वयनमा रहेका सडक, पुल लगायतका आयोजनाहरू तोकिएको समयभित्र सम्पन्न गर्नका लागि स्रोतको अभाव नहुने गरी आवश्यक रकम विनियोजन गरेको छु।

३७. निर्माणाधीन तथा नयाँ मोटरेवल पुल निर्माणका लागि प्राथमिकता दिएको छु। पुल निर्माण गर्न अति आवश्यक स्थानहरूको सम्भाव्यता अध्ययन गरी क्रमशः कार्यान्वयन गर्दै लैजाने व्यवस्था मिलाएको छु। मोटरेवल पुल निर्माणका लागि रू. ६१ करोड ७२ लाख विनियोजन गरेको छु।

३८. प्रदेश राजधानी वीरेन्द्रनगर लगायतका सहरका सडकहरूमा सडक सुरक्षाको लागि आवश्यक रोड मार्किङ गरी मुख्य-मुख्य चोकहरूमा ट्राफिक सङ्केत राख्न आवश्यक रकम विनियोजन गरेको छु।

३९. सडक निर्माणका लागि बढ्दै गइरहेको माग र आवश्यकतालाई सम्बोधन गर्न सङ्घ सरकार, स्थानीय तह एवम् अन्य सरोकारवालासँग लागत साझेदारीमा सडक निर्माण कार्यका लागि सह-लगानीमा आधारित सडक आयोजनाका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

४०. निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम कार्यान्वयनका लागि रू. १ अर्व १२ करोड विनियोजन गरेको छु। यस कार्यक्रमबाट रु. २० लाख भन्दा कम लागतका आयोजना छनोट गर्न नपाउने व्यवस्था गरेको छु।

४१. भौगोलिक रूपले विकट र दुर्गम स्थानका जनताको सेवामा पहुँच विस्तारका लागि एक घण्टा भन्दा बढीको फेरो लगाउन नपर्ने गरी झोलुङ्गे पुल निर्माण कार्यलाई तीव्र गतिमा अगाडि बढाउन स्थानीय तह र सङ्घीय निकायहरूसँग समन्वय तथा सहकार्य समेत गर्ने गरी रू. १८ करोड ८० लाख विनियोजन गरेको छु।

४२. प्रदेश सरकारको आफ्नै ट्रायल सेन्टरबाट सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा सञ्चालनका लागि सुर्खेत र रूकुम पश्चिम जिल्लामा ट्रायल सेन्टर निर्माण गर्ने तथा जुम्ला जिल्लामा रहेको ट्रायल सेन्टर मर्मत गरी सञ्चालनमा ल्याउने व्यवस्था मिलाएको छु।

४३. प्रदेशभित्रका निर्माण सम्पन्न भएका पूर्वाधारबाट उपलब्ध भइरहेको सेवा र सुविधाको स्तर निरन्तर कायम राख्न र निर्मित सम्पत्तिको संरक्षण गर्न नियमित तथा आकस्मिक मर्मत सम्भारको लागि यथोचित रकम विनियोजन गरेको छु।

४४. **समृद्ध कर्णाली सुखारी कर्णालीवासी**को दीर्घकालीन सोचलाई टेवा पुऱ्याउनका लागि रोजगारी सिर्जना हुने गरी परीक्षणका रूपमा सडक मर्मत सम्भार समूह तथा बाह्रै महिना यातायात सञ्चालन हुने सडकहरूमा सडक मर्मत सम्भारकर्ता राख्ने व्यवस्था मिलाएको छु।

## सहरी विकास तथा आवास

४५. सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले कर्णाली प्रदेश सरकारका मन्त्रालयहरूको एकीकृत तथा आधुनिक भवन निर्माण कार्य प्रारम्भ गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु।

४६. प्रदेशभित्र सुरक्षित, व्यवस्थित र वातावरणमैत्री एवम् अपाङ्गमैत्री भवन निर्माण गर्नको लागि भवनसँग सम्बन्धित कानुन, संहिता तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

४७. कर्णाली प्रदेशको जटिल र कमजोर भौगर्भिक संरचना तथा जलवायु परिवर्तनका कारण उत्पन्न हुन सक्ने विपद्लाई मध्यनजर गर्दै छरिएर रहेका हिमाली क्षेत्र, दुर्गम क्षेत्र र नेपाल सरकारबाट सङ्कटग्रस्त घोषणा भएका चार जिल्लाहरू कालिकोट, मुगु, जुम्ला र हुम्लाका असुरक्षित तथा जोखिमयुक्त बस्तीलाई सुरक्षित ठाउँमा स्थानान्तरण गर्न

एकीकृत बस्ती विकास कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु।

४८. सङ्घीय सरकारसँगको संयुक्त लगानीमा डोल्पाको शे-फोक्सुण्डो ताल किनारमा रहेको प्राचीन बस्ती रिङ्मोलाई बौद्ध कला र संस्कृतिको अनुपम बस्तीको रूपमा रूपान्तरण गरी यसलाई नेपालको अद्वितीय प्राकृतिक तथा धार्मिक पर्यटकीय केन्द्रको रूपमा विकास गर्न **रिङ्मो बस्ती विकास कार्यक्रम** सञ्चालन गरिनेछ। यसका लागि रू. १० करोड विनियोजन गरेको छु।

४९. सङ्घ तथा प्रदेश सरकारको सह-लगानीमा हुम्लाको सदरमुकाम सिमकोटको पूर्वाधार विकास गरी यसलाई मानसरोवर तथा कैलाशद्वार र नेपालको एक आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न खार्पु सिमकोट (मानसरोवर प्रवेशद्वार) नमुना एकीकृत पूर्वाधार विकास कार्यक्रमका लागि रू. १८ करोड छुट्याएको छु।

५०. आर्थिक तथा सामाजिक रूपले विपन्न बादी, गाइने, राउटे, बोटे, राजी, दलित, मुस्लिम तथा लोपोन्मुख र अति सीमान्तकृत जाति वा समुदायलाई आवासको व्यवस्था गर्न **विपन्नको घर कार्यक्रम**लाई निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेको छु।

५१. सङ्घीय सरकार समेतको सहकार्यमा दलित, विपन्न र सीमान्तकृत तथा अल्पसङ्ख्यक समुदायको आवास निर्माणमा सहयोग गर्न सञ्चालित जनता आवास कार्यक्रमलाई निरन्तरता दिन आवश्यक रकम छुट्याएको छु।

५२. सार्वजनिक निकायमा कार्यरत जनशक्तिका लागि तालिम सञ्चालन गर्न जुम्ला जिल्लाको कनकासुन्दरी गाउँपालिकाको खिचन्नेमा सुविधा सम्पन्न एकीकृत आवासीय प्रशिक्षण प्रतिष्ठानको भवन निर्माणको विस्तृत सम्भाव्यता अध्ययनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

५३. भौतिक पूर्वाधार, यातायात तथा सहरी विकासका लागि रू. १० अर्ब ११ करोड ४२ लाख विनियोजन गरेको छु।

## खानेपानी तथा सरसफाई

५४. कर्णालीबासीको आधारभूत खानेपानी सेवामा पहुँच सुनिश्चित गरी स्वच्छ, नियमित र गुणस्तरीय खानेपानी उपलब्ध गराउनको लागि निर्माणाधीन बहुवर्षीय र क्रमागत आयोजनाहरूलाई उच्च प्राथमिकता दिई सम्पन्न गरिनेछ। नेपाल सरकार र स्थानीय तहसँगको साझेदारीमा वीरेन्द्रनगर सुर्खेतको बृहत खानेपानी आयोजनालाई शीघ्र सञ्चालनका लागि रु. २ करोड विनियोजन गरेको छु। सल्यानको शारदा बृहत खानेपानी आयोजना निर्माणका लागि समेत आवश्यक

प्रक्रिया टुङ्ग्याइने व्यवस्था मिलाइनेछ। यसका लागि रू. ६५ लाख विनियोजन गरेको छु।

५५. खानेपानीको गुणस्तर सुधार गरी स्वच्छ खानेपानी उपलब्ध गराउन सुर्खेतको वीरेन्द्रनगरमा खानेपानी परीक्षण केन्द्रको सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

५६. औद्योगिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रको विकासका लागि आवश्यक पर्ने खानेपानी, विद्युत लगायतका पूर्वाधार निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु।

५७. बालबालिकाका लागि स्वच्छ र गुणस्तरीय खानेपानी सुविधामा पहुँच वृद्धि गर्न गुणस्तरीय खानेपानी सुविधा नभएका सार्वजनिक विद्यालय र समुदाय पहिचान गरी विकास साझेदारसँगको साझेदारी समेतमा खानेपानी सुविधा पुऱ्याउन आवश्यक बजेट व्यवस्था गरेको छु।

५८. सुरक्षित तथा स्वच्छ खानेपानी उपलब्ध गराउन सञ्चालित खानेपानी प्रणालीको सुदृढीकरण तथा स्तरोन्नति कार्यक्रम अन्तर्गत खानेपानी मर्मत कोषका लागि आवश्यक रकमको व्यवस्था गरेको छु। स्थानीय तहसँगको सहकार्यमा **एक घर एक धारा** अभियानका लागि आवश्यक रकम विनियोजन गरेको छु।

५९. स्वच्छ खानेपानी उपलब्धताको लागि निर्माणाधीन खानेपानी आयोजनालाई प्राथमिकताका आधारमा क्रमशः सम्पन्न गर्दै लैजाने, लामो समयदेखि सञ्चालनमा रहेका तर विपद् लगायतका कारण अवरूद्ध भएका खानेपानी आयोजनाहरूको मर्मत सम्भार गरी नियमित सञ्चालन गर्ने र खानेपानी आपूर्तिको पहुँचभन्दा बाहिरका बस्तीहरूमा सम्भाव्यता अध्ययन गरी प्राथमिकताको आधारमा क्रमशः आयोजना कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

६०. मुगुको सोरू गाउँपालिकाको वडा नं. १ र २ मा खाद्यान्न तथा पोषण न्यूनता पूर्तिका लागि खानेपानी तथा सिँचाई आयोजना सञ्चालनका लागि रू. ५ करोड २९ लाख रकम छुट्याएको छु।

६१. दैलेख जिल्लाको बारतडी खानेपानी तथा बहुउद्देश्यीय आयोजना र पञ्चकोशी क्षेत्र वृहत खानेपानी आयोजना सञ्चालनका लागि रू. ७ करोड ५० लाख व्यवस्था गरेको छु।

६२. जलवायु परिवर्तनले समेत पानीको परिमाणमा असर नपर्ने स्रोतहरूको खोजी गरी सोको उपयोग मार्फत दिगो रूपमा खानेपानी व्यवस्थापन गर्दै जनताको खानेपानी तथा सरसफाईमा सहज पहुँचको संवैधानिक हक सुनिश्चितताका

लागि जलवायु अनुकुलित खानेपानी आयोजना सञ्चालन गर्न रू. १८ करोड १० लाख विनियोजन गरेको छु।

६३. निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरूको दिगोपना र सुचारूपनाको लागि स्थानीय तह र अन्य विकास साझेदारसँगको समन्वयमा एक स्थानीय तह **एक मर्मत सम्भार प्राविधिक** र खानेपानी गुणस्तर परीक्षणको लागि **एक स्थानीय तह एक गुणस्तर परीक्षक**को व्यवस्था मिलाइनेछ।

६४. खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रमका लागि रू. १४ करोड ३९ लाख विनियोजन गरेको छु।

६५. खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम सञ्चालनका लागि रू. ९४ करोड १४ लाख विनियोजन गरेको छु।

## सिँचाइ, नदी नियन्त्रण तथा ऊर्जा विकास

६६. आर्थिक विकासको प्राथमिक क्षेत्रको रूपमा रहेको कृषि क्षेत्रको विकासका लागि खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराई कृषि क्षेत्रको उत्पादकत्व बढाइनेछ। सञ्चालनमा रहेका सिँचाइ आयोजनाहरूबाट नियमित सिँचाइ सुविधा उपलब्ध गराउन मर्मत सम्भार कार्यक्रममा आवश्यक रकम विनियोजन गरेको छु। साना, मझौला र ठूला सिँचाइ आयोजना पहिचान र कार्यान्वयनलाई निरन्तरता दिएको छु।

६७. खानेपानी, सिँचाइ, पर्यावरण र पर्यटनको एकीकृत विकासका लागि चौकुने गाउँपालिकामा जुम्ल्यामूल ताल बहुउद्देश्यीय आयोजना सञ्चालन गर्न रू. १० करोड विनियोजन गरेको छु।

६८. **नदी माथिका गरा, बनाउँछौ हराभरा** लाई कार्यरूप दिन कर्णाली, भेरी बेसीन र शारदा लगायतका विभिन्न नदी किनारमा रहेका टारहरूमा सिँचाइ सुविधा विस्तार गर्न रू. १ करोड ४० लाख विनियोजन गरेको छु। प्रदेशको खाद्यान्न उत्पादनको प्रचुर सम्भावना रहेका क्षेत्रहरु शारदा करिडोर, हिमा करिडोर, तिला करिडोर, भेरी करिडोर र कर्णाली करिडोरलाई खाद्यान्न करिडोरको रुपमा विकास गर्न सङ्घीय सरकार तथा विकास साझेदार संस्थासँग सहकार्य गर्ने व्यवस्था मिलाएको छु।

६९. कर्णाली जनता सिँचाइ कार्यक्रमलाई निरन्तरता दिएको छु यस कार्यको लागि रू. ६ करोड विनियोजन गरेको छु।

७०. जल उत्पन्न प्रकोप नियन्त्रण गरी जोखिमयुक्त बस्तीहरू संरक्षणका लागि कर्णाली प्रदेश जनता तटबन्धन लगायतका कार्यक्रम सञ्चालन गर्न रू. ४५ करोड ४० लाख विनियोजन गरेको छु।

७१. जलसम्पदाको बहुउपयोग गर्न एकीकृत विकास मार्फत समृद्ध कर्णाली निर्माणको लागि कर्णाली प्रदेशको जलस्रोत गुरूयोजना तर्जुमा गरी कार्यान्वयन गर्न सार्वजनिक, निजी साझेदारीलाई प्रोत्साहन गरिनेछ। सोत खोला तथा अन्य सम्भावना भएका जल क्षेत्रमा स्थानीय तहसँगको समन्वय र साझेदारीमा बहुउद्देश्यीय जलाशय विकासका लागि प्रक्रिया अगाडि बढाइनेछ।

७२. सङ्घीय सरकारबाट प्रदेशभित्र सञ्चालन हुने ठूला किसिमका जलविद्युत आयोजना (नलगाड, जगदुल्ला, ताक्सुगाड, माथिल्लो कर्णाली लगायत) निर्माण तथा सञ्चालनका लागि लगानीकर्ताको पहिचान गरी उक्त आयोजनाहरु यथाशीघ्र कार्यान्वयनका लागि सङ्घ सरकारसँग विशेष पहल गरिनेछ। साथै सरकारी लगानीबाट सञ्चालन भएका जलविद्युत आयोजनाहरूमा प्रदेश सरकारबाट पनि शेयर लगानी गरिनेछ।

७३. नेपाल सरकारसँगको सहकार्यमा जनताको जलविद्युत आयोजना अन्तर्गत जगदुल्ला जलविद्युत आयोजनामा प्रदेश सरकारको तर्फबाट थप शेयर लगानी गर्ने व्यवस्था मिलाएको छु। स्यार्पु पावर कम्पनीमा शेयर लगानीका लागि पहल गरिनेछ।

७४. राष्ट्रिय विद्युत प्रसारण सञ्जाल नपुगेका प्रदेशका दुर्गम तथा भौगोलिक रुपमा विकट स्थानमा सङ्घीय सरकार र स्थानीय तहको सहकार्यमा लघु जलविद्युत, सौर्यऊर्जा, बायोग्याँस र वायुऊर्जा लगायतका वैकल्पिक ऊर्जा प्रवर्द्धन तथा मर्मत सम्भार कार्यलाई प्रोत्साहन गरिनेछ। ग्रामीण विद्युतीकरण कार्यक्रम र कर्णाली ऊज्यालो कार्यक्रम लगायत विद्युत संरचना निर्माणका लागि रू. २१ करोड ८६ लाख विनियोजन गरेको छु।

७५. कर्णाली प्रदेशभित्र टेलिफोन सेवा प्रदायकले स्थापना गरेका टेलिफोन टावर सम्म नियमित विद्युत सेवा विस्तारका लागि आवश्यक व्यवस्था मिलाइने छ। साथै टेलिफोन सेवा विस्तारका क्रममा वन क्षेत्रसँग सम्बन्धित काम सोहि क्षेत्रको वन कार्यालयबाटै सम्बोधन हुने कार्यको लागि आवश्यक समन्वय गरिनेछ।

७६. जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयतर्फ रू. ३ अर्ब ५३ करोड ९७ लाख विनियोजन गरेको छु।

## स्वास्थ्य सेवा र स्वास्थ्य पूर्वाधार

७७. बहुवर्षीय आयोजनाको रूपमा रहेका सल्यान, रूकुमपश्चिम, डोल्पा, हुम्ला र दैलेख जिल्ला अस्पतालहरूको भौतिक

पूर्वाधार निर्माण कार्यको निरन्तरताका लागि रू. ३१ करोड २० लाख विनियोजन गरेको छु।

७८. कर्णाली प्रदेशको स्वास्थ्य क्षेत्रलाई सुदृढ बनाई प्रेषण अस्पतालको रुपमा विकास गर्न प्रदेश अस्पताल सुर्खेतको तला थप, अन्य पुँजीगत भौतिक पूर्वाधार निर्माण तथा सुधारको लागि रू. ५५ करोड ५६ लाख विनियोजन गरेको छु।

७९. सङ्घीय सरकारको समन्वयमा प्रदेश अस्पताल सुर्खेतलाई शिक्षण अस्पतालको रुपमा विकास गर्न आवश्यक कानुन तर्जुमा गर्ने व्यवस्था मिलाएको छु।

८०. सङ्घीय सरकारसँगको सहकार्यमा भेरीगङ्गा सुर्खेतमा सरूवा रोग अस्पताल, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र, जाजरकोट जिल्ला अस्पताल, मेहेलकुना अस्पताल र कालिकोट अस्पतालको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिई आगामी आर्थिक वर्षभित्रै सम्पन्न गरिनेछ।

८१. मुगु जिल्ला अस्पताल लगायत न्यूनतम् मापदण्ड पुगेका जिल्ला अस्पतालहरूलाई स्तरोन्नति गरी ५० शैयाको अस्पतालको रुपमा विकास गरी विशेषज्ञ सेवा प्रवाह गरिनेछ। यसका लागि आवश्यक बजेट व्यवस्था गरेको छु। सुर्खेत जिल्लाको पञ्चपुरी नगरपालिकामा अवस्थित सालकोट प्राथमिक स्वास्थ्य केन्द्रलाई अस्पतालको रूपमा स्तरोन्नति

गर्न पूर्वाधार विकासको लागि रु. ३ करोड विनियोजन गरेको छु।

८२. स्थानीय तहको सहकार्यमा रणनीतिक स्थानका आधारभूत अस्पतालहरूको सञ्चालन तथा व्यवस्थापनका लागि सहयोग एवम् समन्वय गरिनेछ। यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

८३. आधारभूत स्वास्थ्यमा सबै नागरिकको पहुँच तथा बिरामीको उपचार खर्चमा सहुलियत दिन विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ। विपन्न वर्गका बिरामीलाई जिल्ला बाहिर स्वास्थ्य उपचारको लागि प्रेषण गर्दा यातायात खर्च उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

८४. आगामी आर्थिक वर्षलाई **नागरिक स्वास्थ्य परीक्षण वर्ष** अभियानको रुपमा सञ्चालन गर्न स्थानीय र सङ्घीय तहका अस्पताल तथा स्वास्थ्य संस्था र विकास साझेदार समेतको सहकार्यमा नागरिकको स्वास्थ्य परीक्षण सेवा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

८५. मिर्गौलाको डायलाइसिस सेवालाई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र चौरजहारी अस्पतालमा विस्तार गर्न आवश्यक बजेट विनियोजन गरेको छु। डाइलाइसिस सेवालाई जिल्ला अस्पतालहरुमा क्रमशः विस्तार गर्दै लगिनेछ।

८६. प्रदेशका सबै जिल्लामा नियमित रूपमा एम्बुलेन्स/शववाहन, गुणस्तरीय स्वास्थ्य सामग्री, औषधी र उपकरणको आपूर्ति व्यवस्थापनका लागि बजेट विनियोजन गरेको छु। निःशुल्क र

अत्यावश्यकीय औषधीको सहज आपूर्ति हुने व्यवस्था मिलाएको छु।

८७. स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित, तथ्यपरक र विश्वसनीय बनाउन विद्युतीय स्वास्थ्य सूचना अभिलेख प्रतिवेदन प्रणालीको सुदृढीकरण कार्यलाई निरन्तरता दिएको छु।

८८. कोभिड-१९ तथा डेङ्गु लगायतका महामारी नियन्त्रण, प्रतिकार्य तथा उपचारका लागि विगतमा प्रदेशका विभिन्न तहमा रहेका चिकित्सक र स्वास्थ्यकर्मीको योगदान प्रशंसनीय रहेको छ। आगामी दिनमा भरपर्दो र पहुँचयोग्य उपचार सुविधा र स्वास्थ्य सुरक्षाका मापदण्डहरूको प्रभावकारी रूपमा पालना गरी मानवीय जीवनको रक्षा गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ। सम्भावित महामारी तथा आकस्मिक स्वास्थ्य समस्यालाई तत्काल सम्बोधन गर्न महामारी तथा आकस्मिक स्वास्थ्य व्यवस्थापन कोषका लागि रू. २ करोड विनियोजन गरेको छु।

८९. विकट स्थानमा रहेका नागरिकहरूलाई विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउन हब तथा स्याटलाईट अस्पतालहरूमा टेलिमेडिसिन सेवा सञ्चालन गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ। प्रदेश मातहतका अस्पतालहरूमा विशेषज्ञ सेवा सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक रकम व्यवस्था गरेको छु।

९०. कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोसेली कार्यक्रमलाई स्थानीय तहसँगको सहकार्य र समन्वयमा निरन्तरता दिएको छु। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।

९१. आगामी आर्थिक वर्षमा कर्णाली प्रदेशभित्र खोप अभियानलाई तिब्र बनाई आर्थिक वर्ष २०८०/८१ मा पूर्ण खोप प्रदेश घोषणा गरिनेछ। बालवालिका र ज्येष्ठ नागरिकलाई लक्षित गरी निमोनिया विरुद्धको खोप अभियान सञ्चालनका लागि विकास साझेदारहरुसँग सहकार्य गरिनेछ।

९२. कर्णाली प्रदेशभित्र कार्यरत महिला स्वास्थ्य स्वयंसेविकालाई वार्षिक रू. १० हजार प्रोत्साहन भत्ता उपलव्ध गराउने व्यवस्था गरेको छु। यसबाट महिला स्वास्थ्य स्वयंसेविकाहरू थप प्रोत्साहित भई सामुदायिक स्वास्थ्यको अवस्थामा सुधार हुने अपेक्षा गरिएको छ।

९३. सामुदायिक स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नका लागि स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा सामुदायिक स्वास्थ्य इकाईहरूको सञ्चालन तथा व्यवस्थापन गर्न रू. २ करोड विनियोजन गरेको छु।

९४. स्वास्थ्य सेवालाई विश्वसनीय, भरपर्दो र आधुनिक बनाउनका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशालाको परीक्षण दायरा र क्षमता बढाईनेछ। यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९५. आयुर्वेद उपचार पद्धतिलाई प्रोत्साहन तथा प्रवर्द्धनका लागि आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको सुदृढीकरण

गरिनेछ। साथै निजी क्षेत्र समेतको सहभागितामा कर्णाली प्रदेशभित्रका जडिबुटी प्रयोग गरी आयुर्वेदिक औषधीको उत्पादन सुरु गरिनेछ। आयुर्वेद सेवा सञ्चालन एवम् व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरेको छु।

९६. आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथी लगायत वैकल्पिक उपचार पद्धतिको विकास गरिनेछ। यसका लागि योग, ध्यान, मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ। आयुर्वेद अस्पतालहरूको पूर्वाधार विकास, उपकरण तथा जनशक्ति व्यवस्थापनका लागि आवश्यक वजेट विनियोजन गरेको छु।

९७. नागरिकको घरदैलोमा स्वास्थ्य सेवा पुऱ्याउन सम्बन्धित स्थानीय तह र सरोकारवाला संस्थाहरूको समन्वय एवम् साझेदारीमा विशेषज्ञ सेवा सहित घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

९८. बालबालिका तथा गर्भवती एवम् सुत्केरी आमाहरूको पोषण अवस्थामा सुधार ल्याउन सङ्घीय सरकार र विकास साझेदारसँगको समन्वय र सहकार्यमा पोषिलो पिठो वितरण कार्यक्रमलाई निरन्तरता दिएको छु।

९९. सुरक्षित मातृत्व, परिवार नियोजन, बाल रोग व्यवस्थापन, पोषण, रोग नियन्त्रण र उपचारात्मक सेवा सुदृढीकरणमा विशेष ध्यान दिइनेछ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१००. स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने उद्देश्यले उक्त क्षेत्रमा अत्यावश्यक चिकित्सक, नर्सिङ, स्वास्थ्यकर्मी लगायतका जनशक्ति व्यवस्थापन गरी उनीहरूको उत्प्रेरणा र क्षमता विकासमा विशेष प्राथमिकता दिइनेछ।

**शिक्षा तथा शैक्षिक पूर्वाधार**

१०१. शैक्षिक पूर्वाधार विकास तर्फ सामुदायिक विद्यालय पूर्वाधार विकास कार्यक्रम सञ्चालनलाई निरन्तरता दिएको छु। यसबाट थप विद्यार्थीहरूले सुरक्षित र सुविधायुक्त कक्षाकोठामा अध्ययन गर्ने अवसर प्राप्त गर्ने छन्। साथै विपद्बाट क्षति भएका विद्यालयहरूको पुनर्निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

१०२. हिमाली क्षेत्रका जिल्लाहरूमा निर्माणाधीन आवासीय विद्यालयहरूको पूर्वाधार विकास कार्यलाई निरन्तरता दिइनेछ। हिमाली क्षेत्रका विद्यालयहरूमा हिउँदको समयमा पठनपाठन असहज हुने हुँदा त्यस क्षेत्रका विद्यार्थीहरूलाई सिकाईमा निरन्तरता दिनको लागि सुर्खेतमा आवासीय विद्यालयको पूर्वाधार विकास गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

१०३. कर्णाली सार्वजनिक शिक्षा सुधार अन्तर्गत सामुदायिक विद्यालयको प्रविधिमैत्री शिक्षण सिकाइलाई प्रभावकारी बनाउन

सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला, इ-लर्निङ्ग, शिक्षण सिकाई केन्द्र तथा विद्यालय व्यवस्थापन प्रणाली स्थापना गरी दक्ष, सिपयुक्त र नैतिकवान् जनशक्ति उत्पादन गर्न **एक जिल्ला एक नमुना विद्यालय** निर्माण गर्न रू. १४ करोड विनियोजन गरेको छु।

१०४. विद्यालयहरूमा शौचालय, सूचना प्रविधि प्रयोगशाला (ICT Lab), ई-लाइब्रेरी, पुस्तकालय लगायत पूर्वाधार विकासको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१०५. प्रविधिमैत्री शिक्षण सिकाइलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्न दक्ष सीपयुक्त जनशक्ति उत्पादनमा प्राथमिकता दिइनेछ।

१०६. सङ्घ र स्थानीय तहसँगको समन्वय र सहकार्यमा कर्णाली प्रदेशलाई पूर्णसाक्षर प्रदेश घोषणा गर्ने व्यवस्था मिलाएको छु।

१०७. शैक्षिक जनशक्तिको पेशागत दक्षता अभिवृद्धिका लागि जनशक्ति विकासका कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छु। प्रदेशभित्र दक्ष र प्राविधिक जनशक्ति उत्पादन गर्न तथा सबैलाई शिक्षाको समान अवसर दिलाउन प्राविधिक छोरीबुहारी छात्रवृत्ति, दलित, अपाङ्ग, सहिद सन्तति, लोपोन्मुख सीमान्तकृत छात्रवृत्तिका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१०८. सिप तथा प्रविधियुक्त जनशक्ति उत्पादन गर्न व्यावसायिक शिक्षा प्रवर्द्धनको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ। राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको आधारमा

परम्परागत तथा आधुनिक सिपको परीक्षण, प्रमाणीकरण, प्रवर्द्धन र उद्यमीकरण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

**१०९.** विशेष शिक्षा कक्षा सञ्चालन भएका विद्यालयको पूर्वाधार विकासमा आवश्यक सहयोग गरिनेछ।

## सामाजिक विकास

११०. मानव अधिकार, सामाजिक न्याय, लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्न सामाजिक कुसंस्कारको रुपमा रहेका बालविवाह, बहुविवाह, बोक्सी प्रथा, छुवाछुत, छाउपडी प्रथा, घरेलु तथा लैङ्गिक हिंसा, लागुऔषध, मानव बेचविखन, अपाङ्गता र ज्येष्ठ नागरिकलाई गरिने विभेद जस्ता सामाजिक विकृतिका विरुद्ध स्थानीय तह र विकास साझेदारसँगको सहकार्यमा **प्रदेश प्रमुख सामाजिक रुपान्तरण कार्यक्रम** अभियानको रुपमा सञ्चालन गरिनेछ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१११. बालिकाहरूको कम्तिमा स्नातक तहसम्मको अध्ययन सुनिश्चित गर्न **बैङ्क खाता छोरीको: सुरक्षा जीवन भरीको कार्यक्रम**लाई परिमार्जन गरी छोरीहरुको जीवन बिमा गर्ने व्यवस्था मिलाइनेछ। यसको लागि रु. २५ करोड विनियोजन गरेको छु।

११२. राउटे लगायत लोपोन्मुख तथा सीमान्तकृत समुदायको आय आर्जन कार्यक्रमलाई निरन्तरता दिएको छु।

११३. मानव बेचविखन विरूद्धका अभियान, सडक मानवमुक्त अभियान, दलित, अपाङ्ग, ज्येष्ठ नागरिक, सीमान्तकृत वर्गको सशक्तीकरणमा सहयोग पुऱ्याउन सम्बन्धित स्थानीय तह, सरोकारवाला संस्था र स्थानीय समुदायसँग समन्वय एवम् सहकार्य गरिनेछ।

११४. आर्थिक, सामाजिक, धार्मिक, साँस्कृतिक लगायत समाजमा रहेका सबै प्रकारका विभेद अन्त्य गरी कमजोर एवम् विपन्न वर्ग र समुदायको सामाजिक संरक्षण र सशक्तीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। छाउपडीमुक्त र छुवाछुत मुक्त अभियान सञ्चालन गरिनेछ। लैङ्गिकमैत्री बजेट प्रणालीको माध्यमबाट महिला उत्थान, सशक्तीकरण र विकासका क्रियाकलाप सञ्चालन गरिनेछ। दलित समुदायको शैक्षिक तथा आयस्तर उकास्न उनीहरूको परम्परागत ज्ञान र सिपको संरक्षण गर्दै मागमा आधारित नयाँ सिप प्रदान गर्न र रोजगारी मार्फत स्वरोजगारी सिर्जना हुने गरी आय आर्जन कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

## युवा तथा खेलकुद

११५. अनुशासन र राष्ट्रिय भावना सहितको स्वस्थ नागरिक तयार गर्न र खेलको माध्यमबाट प्रदेशको पहिचान वृद्धि गर्न खेल

पूर्वाधारको निर्माण र २०८१ सालमा कर्णाली प्रदेशमा आयोजना हुने दशौं राष्ट्रिय खेलकुद सञ्चालनको लागि आवश्यक भौतिक तथा अन्य पूर्वाधार निर्माण गरिनेछ। प्रदेश गौरवको आयोजनाको रुपमा निर्माणाधीन सुर्खेतको वीरेन्द्रनगरमा रहेको प्रदेश रङ्गशाला निर्माणको कार्य आगामी आर्थिक वर्षभित्रै सम्पन्न गर्न रू. ८५ करोड विनियोजन गरेको छु। प्रदेशमा व्यावसायिक खेलाडी उत्पादन तथा प्रोत्साहनको लागि प्रशिक्षण सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

११६. प्रदेशको विकास र समृद्धिमा युवाको रचनात्मक योगदान सुनिश्चित गर्न युवाको सर्वाङ्गीण विकास गर्ने नीति लिइनेछ। युवा प्रतिभा पहिचान, युवा उद्यमशीलता तथा स्वरोजगार महोत्सव, युवा खेलाडी, युवा वैज्ञानिक प्रोत्साहन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

११७. स्वस्थ र सिर्जनशील जीवनयापनका लगि खेलकुद, योग, व्यायाम, ध्यान लगायतका कार्यक्रमलाई विद्यालय तहसम्म विस्तार गरिनेछ।

**११८.** सङ्घीय सरकारको सहयोग र समन्वयमा युवा स्वयंसेवक परिचालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

**धर्म, संस्कृति, भाषा र कला**

११९. कर्णाली प्रदेशको धर्म, भाषा, कला, साहित्य, संस्कृति र पुरातात्विक सम्पदाहरूको संरक्षण एवम् प्रवर्द्धन गरिनेछ। प्रदेशमा रहेका प्राचीन भाषा, साहित्य, कला, धर्म, संस्कृति, पुरातत्व, जात्रा, मेला आदिको अध्ययन, अनुसन्धान, अभिलेखीकरण तथा सङ्ग्रहालय स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। प्रदेश सङ्ग्रहालयको स्तरोन्नति गरी अभिलेखालयको रूपमा समेत विकसित गरिनेछ।

१२०. प्रदेशभरका विभिन्न स्थानमा रहेका गढी, किल्ला, दरबार, युद्ध पर्यटन स्थल, प्राचीन स्तम्भ, ऐतिहासिक सम्पदा, मन्दिर, गुम्बा र देवलहरूको उचित संरक्षण गरी अभिलेखीकरण गर्ने र ती स्थानहरूलाई पर्यटकीय स्थलका रुपमा विकास गर्न सङ्घीय सरकार र सम्बन्धित स्थानीय तहसँग समन्वय गरिनेछ। मुलुककै विशिष्ट सम्पदाका रुपमा रहेका प्राचीन तथा पुरातात्विक महत्त्वका मन्दिरहरु डोल्पाको त्रिपुरासुन्दरी, मुगुको छायाँनाथ, सल्यानको छत्रेश्वरी, जुम्लाको चन्दननाथ र हुम्लाको खार्पुनाथ लगायतका महत्वपूर्ण सम्पदाहरुलाई धार्मिक पर्यटन स्थलको रुपमा विकास गरिनेछ।

## कृषि

१२१. समग्र कृषि क्षेत्रलाई नवप्रवर्तनात्मक, व्यावसायिक तथा प्रतिस्पर्धात्मक मूल्यवान कृषि उपज उत्पादन प्रणालीमा रूपान्तरण गर्न तुलनात्मक लाभका बाली वस्तुहरू, फलफुल, तरकारी, मसला खेती, पशुपालन तथा मत्स्य प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१२२. सडक सञ्जालसँग जोडिएका ग्रामीण क्षेत्रमा छरिएर रहेका कृषि उत्पादनका स्रोत साधनहरूलाई उपयोग गर्न तरकारी, फलफुल, दुग्ध, माछा, मासु, पुष्प खेती लगायतका फलफूलजन्य उद्योग स्थापना गरी रोजगारी मार्फत स्वरोजगारी सिर्जना हुने कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

१२३. सडक सञ्जाल, कृषि तथा पशुपन्छी उपज र बजारीकरणको बीचमा तालमेल मिलाउने गरी रोड कोरिडोर केन्द्रित व्यावसायिक कृषि उत्पादन कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१२४. **कृषिको अनुदान कृषकको खातामा** भन्ने मर्मलाई आत्मसात गर्दै कृषि उत्पादन र बजारीकरणको परिमाणका आधारमा फलफूलका विरूवा, उत्पादित दुध र तरकारीमा अनुदानको लागि आवश्यक रकम विनियोजन गरेको छु। यस कार्यक्रम

अन्तर्गत उन्नत जातका फलफूलका विरूवाको सन्दर्भ मूल्यमा ७५ प्रतिशत अनुदानको व्यवस्था गरेको छु।

१२५. विभिन्न क्षेत्रमा उपलब्ध गराइएको अनुदान नीतिलाई परिमार्जन गरी कृषि व्यवसाय प्रवर्द्धन, विस्तार तथा व्यावसायीकरणको लागि वित्तीय संस्थाहरूबाट कृषि क्षेत्रमा लगानी गरिएको ऋणको ब्याजदरमा अनुदान दिई सहुलियत व्याजदरमा पुँजी उपलब्ध गराउने व्यवस्था गरेको छु। व्याज अनुदान कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि रू. ११ करोड ९७ लाख विनियोजन गरेको छु।

१२६. सिँचाइ सुविधा नपुगेका, सुख्खा तथा खेतीयोग्य बाँझो जमिनमा सिँचाइ सुविधा विस्तार गर्न साना सिँचाइ कार्यक्रम अन्तर्गत सिँचाइ कुलो, पोखरी सिँचाइ, पानी तथा हिउँ सङ्कलनका लागि पोखरी निर्माण गरिनेछ। यसका लागि रू. ४८ करोड ४५ लाख रकम विनियोजन गरेको छु।

१२७. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि कृषकहरूको उन्नत बीउबिजन, माछा भूरा, नश्ल तथा गुणस्तरीय बेर्नाहरूको सहज आपूर्तिको लागि कृषि तथा पशुपन्छीजन्य स्रोत केन्द्रहरूको सुदृढीकरण कार्यक्रमलाई निरन्तरता दिएको छु।

१२८. **"कृषि उत्पादन वृद्धिका लागि गुणस्तरीय बिउ"** भन्ने नाराका साथ कर्णाली प्रदेश बिउ उत्पादन कार्यक्रमलाई निरन्तरता दिएको छु। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१२९. कृषि उत्पादन वृद्धि गर्न आवश्यक पूर्वाधार विकासका लागि बिउ प्रशोधन केन्द्र, सङ्कलन केन्द्र, हाटबजार, सेलार स्टोर, रस्टिक स्टोर, कोल्ड च्याम्बर, दुग्ध सङ्कलन तथा प्रशोधन केन्द्र लगायत अन्य कृषि पूर्वाधारको विकास गरिनेछ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१३०. कृषिको आधुनिकीकरण मार्फत लागत न्यूनीकरण, उत्पादन वृद्धि, व्यावसायीकरण र बजारीकरण गर्नको लागि कृषि यान्त्रिकीकरण कार्यक्रम मार्फत कृषि यन्त्र तथा उपकरणहरूमा ५० प्रतिशत अनुदानको व्यवस्था गरेको छु। यसका लागि रू. १ करोड २२ लाख विनियोजन गरेको छु।

१३१. भूमिको चक्लाबन्दीलाई प्रोत्साहन गर्न तथा भूमिको उचित उपयोगका लागि जोखिम संवेदनशील भू-उपयोग गुरूयोजना अनुरूप हुने गरी व्यावसायिक करार खेती तथा बाँझो जमिनमा खेती गर्ने कार्यलाई उत्प्रेरित गरिनेछ। जसबाट उत्पादन, रोजगारी र बजारीकरण मार्फत स्वरोजगारी सिर्जना हुने विश्वास लिएको छु।

१३२. गाईभैंसी पालन गर्ने किसानलाई प्रोत्साहन गर्नका लागि दुध उत्पादन र बिक्री वितरणका आधारमा डोल्पा, मुगु, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका कृषकलाई प्रति लिटर रू. दस र रूकुम पश्चिम, सल्यान, जाजरकोट, दैलेख र सुर्खेत जिल्लाका कृषकहरूलाई प्रति लिटर रू. पाँच अनुदान दिने व्यवस्थालाई निरन्तरता दिएको छ।

१३३. कृषि पेसालाई मर्यादित बनाई सम्मानजनक पेसाको रुपमा विकास गर्न **मुख्यमन्त्री कृषक सम्मान कार्यक्रम** मार्फत प्रदेशभित्रका उत्कृष्ट कृषकहरूलाई पुरष्कृत गर्ने व्यवस्था मिलाएको छु।

१३४. प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम मार्फत प्राङ्गारिक स्थानीय तह घोषणामा सहजीकरण गर्दै स्थानीय तहमा प्राङ्गारिक कृषि प्रवर्द्धनका लागि आवश्यक सहयोग गरिनेछ। कर्णाली प्रदेशमा प्राङ्गारिक कृषि प्रवर्द्धनको लागि जैविक तथा प्राङ्गारिक मल उद्योग स्थापना तथा सञ्चालनमा समेत सहयोग गर्ने व्यवस्था मिलाएको छु। यसका लागि रकम रू. ५ करोड ३२ लाख विनियोजन गरेको छु।

१३५. कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम मार्फत प्राङ्गारिक मल र जैविक विषादीको प्रयोगलाई प्रोत्साहित गर्न सहुलियत उपलब्ध

गराइनेछ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१३६. दुग्ध व्यवसाय प्रवर्द्धन, प्रशोधन तथा बजारीकरण गरी कर्णाली प्रदेशलाई दुग्ध क्षेत्रमा आत्मनिर्भर बनाउनका लागि दुध उत्पादन उद्योग स्थापना गरिने छ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१३७. कर्णाली प्रदेशका पशुपन्छीहरूको रोग निदान गर्न पशु स्वास्थ्य सेवा तथा प्रसार कार्यक्रम मार्फत सुर्खेत जिल्लामा एक रिफरल पशु अस्पतालको स्थापना गरिने छ।

१३८. गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रमलाई निरन्तरता दिएको छु। यसका लागि रु. ५ करोड ९० लाख विनियोजन गरेको छु।

१३९. कर्णाली प्रदेशको पहिचान एवम् निर्यातयोग्य बालीहरूको प्रवर्द्धन र विकासको लागि स्याउ तथा ओखर विकास कार्यक्रममा रु. ३ करोड १३ लाख विनियोजन गरेको छु।

१४०. प्रदेशको प्रमुख बाली स्याउ, ओखर, सुन्तला लगायतका फलफूलहरूको उत्पादन र उत्पादकत्व वृद्धि तथा बजारीकरणको लागि पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना कर्णाली प्रदेशको ९ वटा जिल्लाका २०

वटा स्थानीय तहमा सञ्चालन गर्ने व्यवस्था मिलाएको छ। यसका लागि रु. ९ करोड ६९ लाख विनियोजन गरेको छ।

१४१. प्रदेशको कृषि क्षेत्र विकासको लागि सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरूलाई दिगो एवम् जलवायु मैत्री बनाउन प्राङ्गारिक कृषि तथा जलवायु अनुकूलन प्रविधिको अनुसन्धान, संरक्षण तथा प्रवर्द्धन गरिनेछ।

१४२. उत्पादन मार्फत जनताको आय तथा रोजगारी वृद्धिको लागि सहकारी क्षेत्रको संरचनागत सुधार गर्न सहकारी संस्थाहरूको दर्ता, नियमन तथा व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

१४३. पशुहरूमा महामारीको रुपमा देखिने लम्फी स्किन, खोरेत जस्ता रोग नियन्त्रण गर्नका लागि सबै जिल्लाहरूमा प्रदेशस्तरीय खोप अभियानका कार्यक्रम सञ्चालन गरिने छ।

१४४. कर्णाली प्रदेशका हुम्ला र जाजरकोट जिल्लालाई मह उत्पादनको हबको रुपमा विकास गरिनेछ। उक्त उत्पादनलाई प्रशोधन र ब्राण्डिङ्ग गरी बजारीकरण व्यवस्था मिलाइनेछ।

१४५. जिल्लाको सम्भाव्यताका आधारमा कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन विशेष क्षेत्र निर्धारण गरी बालीवस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नका लागि आवश्यक सहुलियतका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छ।

१४६. सल्यान, जाजरकोट, रूकुम पश्चिम र सुर्खेत जिल्लामा प्राङ्गारिक अदुवा, बेसार उत्पादन गरिरहेका व्यावसायिक कृषकहरूलाई उत्पादन तथा बिक्री वितरणका आधारमा उत्पादन प्रोत्साहन अनुदान उपलव्ध गराईने व्यवस्था मिलाएको छु।

१४७. हिमाली जिल्लाका भेडापालक कृषकलाई प्रदान गर्दै आएको उपचार खर्च बापतको प्रोत्साहन रकम चौंरीपालक कृषकलाई समेत प्रदान गर्ने व्यवस्था मिलाएको छु।

१४८. खाद्य सुरक्षा तथा पोषणमा सुधार कार्यक्रम सञ्चालनका लागि स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

१४९. कर्णाली प्रदेशका निर्यातयोग्य रैथाने तथा प्राङ्गारिक उत्पादन जस्तै; मार्सी चामल, चिनो, फापर, कोदो, कागुनो, जुनेलो, लट्टे, सिमी लगायतका कृषि उपजहरूको ब्राण्डिङ् गरी बजारीकरणको व्यवस्था मिलाईनेछ।

**१५०.** कर्णाली प्रदेशमा माछा आयात प्रतिस्थापन गर्नका लागि रोड करिडोर मत्स्य पोखरी स्थापना गरी माछाको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न मत्स्य विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

१५१. मासु र दुधको उत्पादन वृद्धि तथा पशु नश्ल सुधार गर्न कृत्रिम गर्भाधान कार्यका लागि आवश्यक पर्ने तरल नाइट्रोजन उत्पादन प्लान्ट स्थापना गर्न रु. २ करोड विनियोजन गरेको छु।

१५२. भूमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रमको लागि रू. २ अर्ब ११ करोड २७ लाख विनियोजन गरेको छु।

## उद्योग प्रवर्द्धन

१५३. सङ्घ सरकारसँगको सहकार्यमा कर्णाली प्रदेशका महिलाहरुको आर्थिक सशक्तीकरणका लागि **उद्यमशीलता विकास तथा महिला आयआर्जन मार्फत आर्थिक विकास** कार्यक्रम कार्यान्वयन गर्न रू. ७ करोड विनियोजन गरेको छु। यस कार्यक्रम मार्फत करिडोर विकास अवधारणमा रही महिलाहरुको जिविकोपार्जन सुधार, रोजगारमूलक सिप विकास, आर्थिक सचेतना कक्ष र महिलाको स्वामित्वमा रहेको उद्योग स्थापनामा प्राविधिक सहयोगको क्षेत्रमा लगानी गरिनेछ।

१५४. पूर्वाधारको आवश्यकता पर्ने स्थानीय कच्चा पदार्थमा आधारित, उच्च माग एवम् भौगोलिक पहिचानसँग जोडिने उत्पादनको विकास र विस्तारका लागि सम्भाव्यता र उपलब्धताका आधारमा ***वस्तु विकास प्रशिक्षण कक्ष*** स्थापना

तथा सञ्चालन गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१५५. उद्योग क्षेत्रको योगदान मार्फत प्रादेशिक अर्थतन्त्रलाई मजबुत बनाउन सरकारी र निजी क्षेत्रको साझेदारीमा जडिबुटी लगायत वन पैदावारमा आधारित उद्योग स्थापना र सञ्चालन गरिनेछ। स्थानीय कच्चा पदार्थमा आधारित र नवप्रवर्तनकारी उद्यमीलाई प्रवर्द्धन गर्न **ग्रीन बिजनेस स्टार्टअप फण्ड** को व्यवस्था मिलाएको छु।

१५६. सङ्घीय सरकारको नीति बमोजिम उद्योग तथा लगानी प्रवर्द्धनसँग प्रत्यक्ष सरोकार राख्ने कानुनी व्यवस्थालाई एकीकृत गर्दै औद्योगिक ऐन तर्जुमा गरिनेछ। बीस प्रतिशत सम्म महङ्गो भए पनि कर्णालीमा उत्पादित वस्तुहरू खरिद गर्ने प्रबन्ध मिलाइनेछ।

१५७. उपभोक्ताको हित संरक्षण गर्न बजार अनुगमनलाई प्रभावकारी बनाई बजारमा गुणस्तरीय वस्तु तथा सेवाको उपलब्ध हुने व्यवस्था मिलाएको छु।

१५८. **एक जिल्ला एक उत्पादन**को लागि **सीपसँग सहयोग कार्यक्रम** मार्फत उद्यमशीलता तथा सीप विकास र रोजगारमूलक तालिम सञ्चालन गरी उद्यमीहरूलाई उत्प्रेरित गरिनेछ। यस

कार्यक्रमबाट लाभान्वित उद्यमीहरूलाई प्रविधि हस्तान्तरण गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१५९. प्रदेशभित्रका रैथाने उत्पादनको बजारीकरणको लागि सबै जिल्लामा कोसेली तथा सौगात घर सञ्चालनको व्यवस्था मिलाएको छु। स्थानीय उत्पादनको आन्तरिक खपत वृद्धि तथा बजारीकरणका लागि अनलाइन सौगात घर सञ्चालन गरिनेछ।

१६०. स्थानीय रोजगारीमा टेवा पुऱ्याउनका लागि कर्णाली प्रदेशभित्र उत्पादित विशिष्टीकृत वस्तुहरूको प्रशोधन गरी सबै जिल्लामा स्थानीय उत्पादनमा आधारित प्रशोधन केन्द्र स्थापनाका लागि प्राविधिक सहयोग उपलब्ध गराइनेछ। स्थानीय उद्यमीहरूको परम्परागत ज्ञान, सीप, क्षमता अभिवृद्धिका लागि प्रत्येक जिल्लामा सीप विकास प्रतियोगिता सञ्चालन गरिनेछ।

## पर्यटन प्रवर्द्धन तथा विकास

१६१. वर्तमान आवश्यकतालाई परिपूर्ति गर्न सुर्खेत विमानस्थलको स्तरोन्नति र कर्णाली प्रदेशको दीर्घकालीन आवश्यकता परिपूर्तिका लागि भेरीगंगा नगरपालिकाको रामघाटमा प्रादेशिक विमानस्थल निर्माण कार्य अगाडि बढाउनको लागि सङ्घीय सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

१६२. सुर्खेत विमानस्थलबाट कर्णाली प्रदेशका हवाई उडान हुने सबै जिल्लामा हवाई सेवालाई नियमित, सुलभ र सहज बनाउन यात्रु हवाई उडान सङ्ख्याका आधारमा हवाई सेवा प्रदायकलाई सहुलियत प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिई सोका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१६३. कर्णाली प्रदेशका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक एवम् पर्यटकीय स्थलको संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यले तयार गरिएको पर्यटन गुरूयोजना कार्यान्वयन गरी पर्यटकीय पूर्वाधारको विकास गरिनेछ। स्थानीय तह तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा रक क्लाइम्बिङ्, अल्ट्रा म्याराथुन, प्यारागलाइडिङ्, र्‍याफ्टिङ् लगायत साहसिक पर्यटनका लागि स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गर्न प्रचारप्रसारका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

१६४. कर्णाली प्रदेशलाई प्रकृतिमैत्री आकर्षक पर्यटन गन्तव्यस्थलको रुपमा विकास गर्न दैलेखको पञ्चकोशी, हुम्लाको लिमी उपत्यका, सल्यानको मालिका, सुर्खेतको जाजुरा दह लगायतका क्षेत्रको वातावरणीय अध्ययन सहितको विस्तृत परियोजना प्रतिवेदन तयारीका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१६५. खस राज्यको प्रवर्तक नागराजको प्रतिमा स्थापना गरी खस राजधानी सिंजालाई विशेष पर्यटकीय स्थलको रुपमा दरबार क्षेत्रको विकास गर्ने व्यवस्था मिलाएको छु । दुल्लु दरबार र जाजरकोट दरबार क्षेत्रको विकास र संरक्षणका लागि पहल गरिनेछ।

१६६. धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्त्वका पर्यटकीय स्थलको पहिचान, संरक्षण तथा पुनर्निर्माण गरिनेछ। कालिकोटको पिली र रूकुमको खारामा युद्ध सङ्ग्रहालय निर्माण कार्यलाई निरन्तरता दिन रू. २ करोड ५० लाख विनियोजन गरेको छु।

१६७. कर्णाली प्रदेशका प्रमुख पर्यटकीय गन्तव्य रारा तथा शे-फोक्सुण्डोको विकासका लागि सङ्घ सरकारसँग समन्वय गरिनेछ। राराको मुर्मा गाउँलाई प्रकृतिमैत्री पर्यटकीय होमस्टे विकास लगायतको पूर्वाधार निर्माणको लागि आवश्यक रकम विनियोजन गरेको छु।

१६८. प्रदेशको उच्च स्थानमा रहेको बस्ती डोल्पोबुद्ध, धो र रिग्मोलाई बौद्धसंस्कृति, कला, सभ्यता तथा हुम्लाको लिमीलाई कैलाश मानसरोबार दर्शनद्वार, जुम्लाको सिंजालाई खस सभ्यताको उद्‌गमस्थल र रुकुमको गोतामकोटलाई पर्यटकीय नगरको रुपमा विकास गरिनेछ।

## वन, वातावरण तथा जलाधार व्यवस्थापन

१६९. **दिगो वन व्यवस्थापन : स्वच्छ र समृद्ध जीवनयापन** भन्ने सोचको कार्यान्वयन गर्न वन पैदावारको सहज र सरल आपूर्ति तथा राजस्व सङ्कलनमा अभिवृद्धि गर्न दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१७०. प्रदेशभित्रका लेक तथा पाटन संरक्षणको विशेष कार्यक्रम सञ्चालन गरी जलवायु परिवर्तन अनुकूलनका उपायहरू अवलम्बन गरिनेछ। जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ।

१७१. फलफूल तथा बहुउपयोगी र मूल्यवान् प्रजातिका बिरूवा उत्पादन, वितरण तथा वृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ। यस कार्यका लागि डिभिजन वन कार्यालयले तयार गरेको वृक्षारोपण योजनाको अधिनमा रही वन नर्सरीबाट उपलब्ध हुने विरूवा रोपण गर्ने व्यवस्था मिलाएको छु।

१७२. सामुदायिक वन, कबुलियती वन, धार्मिक वन लगायत समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रम मार्फत् औषधीय तथा व्यावसायिक महत्त्वका जडीबुटीको उत्पादन, सङ्कलन, भण्डारण, प्रशोधन तथा बजारीकरणबाट **हरित रोजगारी** तथा समुदायको आयआर्जन अभिवृद्धि गरिनेछ। साथै

आयआर्जन वृद्धि गर्नका लागि वन ऐन मार्फत वैज्ञानिक वन व्यवस्थापन गरिनेछ।

१७३. कर्णाली र भेरीजस्ता वृहत तथा संरक्षित जलाधारमा एकीकृत जलाधार व्यवस्थापनको माध्यमबाट उपल्लो र तल्लो तटीय अन्तरसम्बन्ध कायम राखी जलाधारीय स्रोतहरूको दिगो व्यवस्थापन गर्दै जलवायु परिवर्तनको अनुकूलन क्षमता अभिवृद्धि गर्न संङ्घ सरकारसँग समन्वय र सहकार्य गरिनेछ। भू-क्षय नियन्त्रण, जमिनको उत्पादकत्व वृद्धि र पानी स्रोतहरूको दिगो व्यवस्थापन गरी बहुआयामिक उपयोग, वातावरण संरक्षण, पारिस्थितिकीय प्रणाली तथा जैविक विविधतालाई बढावा दिने गरी कार्यक्रम कार्यान्वयन गर्न रू. ३२ करोड १६ लाख विनियोजन गरेको छु।

१७४. सङ्घीय सरकारको नीति बमोजिम वातावरणीय स्वच्छताको लागि प्रदेशभित्र प्लाष्टिक झोला प्रतिस्थापन गर्न विकल्पको खोजी गरी कागज तथा कपडाको झोला उत्पादन तथा प्रयोगलाई प्रोत्साहित गरिनेछ।

१७५. काँक्रिविहार वन संरक्षण क्षेत्रलाई प्रादेशिक प्राणी उद्यानको रुपमा विकास गर्न सम्भाव्यता अध्ययन गरिनेछ। मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि वन क्षेत्रमा वन्यजन्तुको आहारा बढवा दिने प्रजातिका विरूवा रोपण गर्न स्थानीय वन

उपभोक्ता समूहहरूलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाएको छु। मानव र वन्यजन्तुको बीच हुने द्वन्द्वका कारण घाइते, टुहुरा भएका वन्यजन्तुको सुरक्षा, हेरचाह तथा उद्धार गरी पुनः प्राकृतिक बासस्थानमा फर्काउन कर्णाली प्रदेशमा पहिलोपटक वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१७६. वृक्षारोपण योजनाको आधारमा बहुउपयोगी र मूल्यवान् प्रजातिका बहुवर्षीय गुणस्तरीय बिरूवा उत्पादन, वितरण तथा वृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ।

१७७. उद्योग, पर्यटन, वन तथा वातावरण तर्फ रू. २ अर्ब १४ करोड १२ लाख विनियोजन गरेको छु।

## आन्तरिक मामिला तथा कानुन

१७८. प्रदेशमा शान्ति, सुरक्षा र सुव्यवस्थालाई प्रभावकारी बनाउन आवश्यक नीति, कानुन तथा मापदण्डको तर्जुमा तथा समायानुकूल परिमार्जन गरिनेछ।

१७९. नागरिकको आधारभुत मानव अधिकारको संरक्षण, संविधान प्रदत्त मौलिक हकको प्रत्याभूति तथा नागरिक स्वतन्त्रता रक्षाको लागि आवश्यक कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ।

१८०. मानव अधिकारका सर्वमान्य मूल्यमान्यतालाई आत्मसात् गर्दै मानव अधिकार संरक्षण र प्रवर्द्धनका कार्यक्रमलाई निरन्तरता दिएको छु।

१८१. स्थानीय तहको कानुन निर्माणमा आवश्यक सहयोग तथा सहजीकरण गरिनेछ। प्रदेश र स्थानीय तहका कानुनको एकीकृत विद्युतीय अभिलेखीकरण गर्ने व्यवस्था मिलाइने छ।

१८२. प्रत्येक नागरिकलाई नागरिक शिक्षा तथा चेतनाको विकास गर्न आवश्यक कानुन निर्माण र मौजुदा कानुनको प्रभावकारी कार्यान्वयनका लागि कानुनी साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ। विपन्न र हिंसामा परेका पीडितहरूलाई न्यायमा पहुँच वृद्धि गर्न निःशुल्क कानुनी सहायता प्रदान गर्ने व्यवस्था मिलाएको छु।

१८३. प्रदेश प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन र नियमन गरी प्रहरी सेवालाई सुदृढ, सक्षम र व्यावसायिक बनाउन कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरी कार्यान्वयनमा ल्याईनेछ। प्रदेश बाहिर रहेको प्रदेश प्रहरी तालिम केन्द्रलाई कर्णाली प्रदेश भित्र स्थानान्तरण गरिनेछ।

१८४. जनआन्दोलन, सशस्त्र सङ्घर्ष र प्रदेश स्थापनाका लागि भएका आन्दोलनका सहिद तथा वेपत्ता परिवार, घाइते अपाङ्ग

भएका व्यक्तिहरूलाई निशुल्क स्वास्थ्य उपचारको व्यवस्था तथा आन्दोलनका क्रममा घाइते अपाङ्ग भएका व्यक्तिहरूलाई जीवन निर्वाह भत्ता र न्यूनतम जीविकोपार्जन एवम् सम्मानका लागि सहिदका आमाबुवाको पहिलो हकाधिकार हुने गरी परिवारलाई सहिद स्मृति भत्ता उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिएको छु।

१८५. स्थानीय तह, समुदाय तथा सरोकारवालासँगको साझेदारीमा मानव बेचबिखन, घरेलु हिंसा, लागुऔषध, मदिरा एवम् सुर्तिजन्य पदार्थको दुर्व्यसनी जस्ता समाजमा रहेका विसङ्गति र सबै प्रकारका विभेदको अन्त्य गर्न आवश्यक निगरानी तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१८६. कारागारमा रहेका कैदीबन्दीहरूलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। खुला कारागार अवधारणालाई अगाडि बढाइनेछ।

१८७. विपद् व्यवस्थापनका कार्यक्रमलाई एकीकृत गरी जोखिम न्यूनीकरण तथा रोकथामका उपाय अवलम्बन गरिनेछ। सङ्घ सरकारसँगको सहकार्यमा विपद्को समयमा तत्काल उद्धार गर्न आवश्यक जनशक्तिको क्षमता विकास गरिनेछ।

१८८. विपद् पूर्वतयारी खोज, राहत र पुनर्स्थापनामा स्थानीय समुदायको सहभागिता अभिवृद्धि गर्न स्वयंसेवी रूपमा सहभागी

हुन युवाहरूलाई उत्प्रेरित गरिनेछ। विपद् व्यवस्थापनको क्षेत्रमा साहसिक तथा उदाहरणीय कार्य गर्ने व्यक्तिलाई पुरस्कृत गरिनेछ।

१८९. कर्णाली प्रदेशभित्र हुन सक्ने विपद्को पूर्वतयारी, खोज तथा उद्धार, राहत वितरण, पुनर्स्थापना र पुनर्निर्माण कार्यलाई समन्वयात्मक रूपमा अगाडि बढाउन विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिएको छु। विपद् सम्बन्धी तथ्याङ्कहरू एकीकृत रुपमा सङ्कलन गर्ने प्रणालीको विकास गरिनेछ।

१९०. विकास साझेदारहरूसँगको साझेदारी र समन्वयमा प्रदेशको विपद् जोखिम नक्साङ्कन गरिनेछ। विपद् पूर्व सूचना प्रणालीलाई व्यवस्थित गर्न जानकारीमूलक सन्देश सम्प्रेषण गरी विपद्लाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न प्रदेशका सबै सरकारी कार्यालयका साईनबोर्डमा जि.पि.एस. लोकेशन राख्न पहल गरिनेछ।

१९१. सम्पूर्ण कर्णालीवासी, राष्ट्रसेवक र गैरसरकारी सङ्घसंस्थामा कार्यरत कर्मचारीको सामूहिक विपद् जोखिम दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिएको छु।

१९२. आगामी आर्थिक वर्षदेखि विपद्बाट हुन सक्ने सम्भावित जोखिम हस्तान्तरण गर्न सरकारी बिमा कम्पनी मार्फत कर्णाली प्रदेशभित्रका घरहरूको बिमा गरिनेछ। यसका लागि रू. ५ करोड विनियोजन गरेको छु।

१९३. प्रदेशमा शान्ति सुरक्षा मजबुद बनाउन तथा आपराधिक घटनाको समयमा नै सूचना प्रवाह गर्न प्रदेशका प्रत्येक घरमा नजिकको प्रहरीको सम्पर्क नम्बर सहितको स्टिकर टाँस गर्ने व्यवस्था मिलाएको छु। बढ्दो साइबर अपराध नियन्त्रण गरी साइबर जोखिम न्यूनीकरण गर्न प्रदेश साइबर व्युरो स्थापना गर्न आवश्यक पहल गरिनेछ।

१९४. सङ्गठित अपराध, वित्तीय अपराध, आत्महत्या, हिंसा, लागूऔषध तथा अवैध हातहतियारको ओसारपसार, साइबर क्राईम लगायतका कानुनी व्यवस्थाका सम्बन्धमा विद्यालय र क्याम्पसका शिक्षक र विद्यार्थीसँग अन्तर्क्रिया तथा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

१९५. श्रमजिवी पत्रकारको उत्प्रेरणा र व्यावसायिक दक्षता विकासको कार्यक्रमलाई निरन्तरता दिईनेछ साथै पत्रकारिता

तथा आमसञ्चार विषयमा स्नातकोत्तर छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको छु।

१९६. सञ्चार माध्यमको दर्ता, इजाजत, नवीकरण र नियमन तथा अभिलेखीकरण कार्यलाई प्रभावकारी बनाइनेछ। सञ्चार माध्यमहरूलाई प्रदान गर्ने लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण कार्यक्रमलाई निरन्तरता दिएको छु।

१९७. छापा तथा अनलाईन सञ्चार माध्यमको दर्ता, अनुमति, चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति तथा नियमनका लागि आवश्यक कानुन निर्माण गरिनेछ। प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको व्यवस्थापन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ।

१९८. प्रदेशका मुख्य-मुख्य सीमा नाकामा अपराध नियन्त्रण तथा सडक सुरक्षा प्रयोजनार्थ डिजिटल गेट जडान गरिनेछ।

१९९. प्रदेशभित्र सुरक्षा योजनामा नवीनतम् प्रविधिको उपयोग गरी प्रभावकारी सुरक्षा व्यवस्थापन गर्न एप्लिकेशन निर्माण गरी कार्यान्वयन गरिनेछ।

२००. प्रदेश सभाका माननीय सदस्यहरूका लागि कानुन तर्जुमा तथा नेतृत्व विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न रकम विनियोजन गरेको छु।

२०१. प्रदेश तथा स्थानीय तहसँग सम्बन्धित सूचना प्रविधि सम्बन्धी एप्स तथा सफ्टवेयर निर्माण गर्नु पूर्व आन्तरिक मामिला तथा कानुन मन्त्रालयको पूर्व सहमति लिनुपर्ने व्यवस्था मिलाएको छ।

## सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा प्रवाह

२०२. भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको नीति लिई शासकीय स्वच्छता कायम गरिनेछ। सार्वजनिक सेवा प्रवाहलाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाइनेछ।

२०३. सार्वजनिक प्रशासनलाई विकास, सुशासन र समृद्धि प्राप्तिको संयन्त्रको रूपमा विकास गरिनेछ। प्रदेशको सार्वजनिक प्रशासनलाई जवाफदेही, नतिजामूलक, राष्ट्र र जनताप्रति उत्तरदायी बनाई सरकारको कार्यसम्पादन चुस्त, प्रभावकारी, छिटो, छरितो र सक्षम बनाउन प्रदेश निजामती सेवा र स्थानीय सेवासम्बन्धी कानून निर्माण गरिनेछ। कर्मचारीसँग वस्तुगत सूचकमा आधारित कार्यसम्पादन सम्झौता गरी सोको आधारमा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ। कर्णाली प्रदेशमा कार्यरत कर्मचारीको क्षमता विकास खाका तयार गरिनेछ।

२०४. प्रदेश सरकार अन्तर्गतका निकायहरूको सङ्गठन संरचनालाई वस्तुगत, व्यवहारिक र सेवा प्रवाहमैत्री बनाउनका लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ। प्रदेश सरकारका कर्मचारीहरूको व्यक्तिगत सूचना प्रणाली विकास गरी अभिलेख अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ।

२०५. प्रदेश लोक सेवा आयोगको पाँच वर्षे रणनीतिक योजना तयार गरिनेछ। आयोगलाई स्रोत साधन सम्पन्न बनाई प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका स्वीकृत दरबन्दी अनुसार पदपूर्ति कार्यलाई निरन्तरता दिइनेछ। प्रदेश भित्रका रिक्त प्राविधिक दरबन्दीमा सेवा करारबाट पदपूर्ति गर्दा उपलब्ध भएसम्म प्रदेश लोक सेवा आयोग वा सङ्घीय लोक सेवा आयोगको वैकल्पिक वा अस्थायी योग्यताक्रम सूचीबाट पदपूर्ति गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छु।

२०६. प्रदेश सरकारको कार्यसम्पादनलाई नतिजामुखी बनाउन मुख्यमन्त्री र मन्त्री, मन्त्री र सचिव, सचिव र कार्यालय प्रमुख एवम् महाशाखा प्रमुखबीच सूचकमा आधारित कार्यसम्पादन सम्झौता गरी सोको प्रगतिको आधारमा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ।

२०७. कर्णाली प्रदेशलाई कार्यथलो बनाई प्रदेशको सेवामा उत्कृष्ट कार्यसम्पादन गर्ने राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च राख्न

**कर्णाली सेवा पुरस्कार** प्रदान गर्ने व्यवस्था मिलाएको छु। कर्णाली प्रदेशमा कार्यरत राष्ट्रसेवक र स्वीकृत दरबन्दीभित्रका करारमा कार्यरत कर्मचारीहरूलाई प्रदान गर्दै आएको कर्णाली प्रोत्साहन भत्तालाई निरन्तरता दिएको छु।

२०८. स्थानीय तहको सेवा प्रवाह र विकास व्यवस्थापनका साथै राजस्व क्षमता अभिवृद्धिका लागि राजस्व सुधार योजना निर्माणमा सहयोग गरिनेछ। स्थानीय तहको सेवा प्रवाहलाई प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२०९. अनुसन्धान र विकासको अवधारणा अनुरूप शासकीय प्रबन्ध र विकासका नवीन सोच, नीति एवम् अवधारणाका सम्बन्धमा विभिन्न विश्वविद्यालय लगायतका निकाय एवम् अनुसन्धानकर्तासँगको समन्वय र सहकार्यमा अध्ययन, अनुसन्धान र विकास गर्ने व्यवस्था मिलाएको छु। विकास साझेदारसँगको समन्वयमा मध्यपश्चिम विश्वविद्यालयमा नीति प्रयोगशाला कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाएको छु।

२१०. कर्णाली प्रदेशभित्र बिमा व्यवसाय सञ्चालन, व्यवस्थापन र बिमा पहुँच वृद्धिको लागि आवश्यक कानुन तर्जुमा गरिनेछ।

**अन्तर सरकारी वित्त हस्तान्तरण**

२११. प्रदेश सरकारको कार्यक्षेत्रभित्र पर्ने तर स्थानीय तहबाट सञ्चालन गर्दा मितव्ययी र प्रभावकारी हुने साना आयोजनाहरूलाई सम्बन्धित स्थानीय तहबाटै कार्यान्वयनका लागि सशर्त अनुदान मार्फत वित्तीय हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु।

२१२. आर्थिक वर्ष २०८०/८१ को लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान बापत रू. ८० करोड वित्तीय हस्तान्तरण गरिनेछ। प्रदेशले लगाएको र उठाएको सवारी साधन करबाट उठेको रकम प्रदेश सरकारले प्रदेश विभाज्य कोषमा जम्मा गरी आयोगले तोकेको मापदण्ड र निर्धारित सूत्रको आधारमा प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम मासिक रुपमा बाँडफाँट गरी सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था मिलाएको छु।

२१३. समपूरक र विशेष अनुदानबाट सञ्चालन हुने कार्यक्रमको लागि सूचना प्रकाशन गरी विद्युतीय सूचना प्रणालीबाट प्रस्ताव माग गरी विस्तृत परियोजना प्रतिवेदन तयार भइ कार्यान्वयनमा लैजानको लागि तयारी अवस्थामा रहेका प्राथमिकताको आधारमा स्थानीय तहबाट कार्यपालिकाको

निर्णय सहित प्रस्तावित आयोजनामा समपूरक अनुदानतर्फ रू. ८४ करोड २५ लाख र विशेष अनुदानतर्फ रू. २७ करोड ५५ लाख वित्तीय हस्तान्तरण हुने व्यवस्था मिलाएको छु।

२१४. स्थानीय तहका वडाबाट माग भई आएका पूर्वाधार निर्माण मार्फत रोजगारी सिर्जना गर्ने उद्देश्यले हुम्ला, मुगु र डोल्पा जिल्लाको हकमा प्रति वडा रु. २० लाखका दरले र अन्य सात जिल्लाको हकमा प्रति वडा रु. १५ लाखका दरले सबै ७१८ वटै वडाका लागि मुख्यमन्त्री रोजगार कार्यक्रममा रु. १ अर्ब १६ करोड ९७ लाख विनियोजन गरेको छु।

२१५. प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गर्ने अभ्यास र संस्कृतिको विकासका साथै संघीयताको मर्मलाई आत्मसात् गर्दै आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तहमा कूल रू. ४ अर्ब ८० करोड ४ लाख वित्तीय हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु।

२१६. स्थानीय तहलाई उपलब्ध गराइने विशेष अनुदान, समपूरक अनुदान, सशर्त अनुदान र वित्तीय समानीकरण अनुदानलाई कार्यसम्पादन मापनसँग आबद्ध गर्न कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ लाई परिमार्जन गरिनेछ।

## पुँजीगत खर्चको प्रभावकारिता अभिवृद्धि र अनुगमन मूल्याङ्कन

२१७. कर्णाली प्रदेश योजना आयोगबाट प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको समीक्षा गर्ने व्यवस्था मिलाएको छु।

२१८. नीति, योजना, बजेट तथा कार्यक्रमबीचको तादात्म्यता मिलाई मध्यमकालीन खर्च संरचनाका आधारमा उपलब्ध सीमित स्रोत साधनको उच्चतम उपयोगका लागि कार्यान्वयनमा लैजान तयारी अवस्थामा रहेका आयोजनाहरूलाई आयोजना बैङ्कमा प्रविष्टि गर्ने र उक्त आयोजनालाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

२१९. बजेट तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी मापदण्ड तथा कार्यविधिलाई आयोजनाको प्रकृति, निर्माण सामग्रीको लागत, भौगोलिक विकटता, आयोजना कार्यान्वयनबाट प्राप्त हुने प्रतिफल जस्ता विषयहरू समेतका आधारमा थप व्यवस्थित र वस्तुगत बनाउन आवश्यक व्यवस्था मिलाइनेछ। साथै चालिस लाख रुपैयाँ भन्दा कम लागत अनुमानका आयोजनाहरूको कार्यान्वयन क्रमशः स्थानीय तहबाट सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

२२०. उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनामा जनप्रतिनिधि, निजका परिवार, निर्माण व्यवसायी र राष्ट्रसेवक

कर्मचारी उक्त समितिमा बस्न नपाउने व्यवस्था मिलाएको छ। रू. पन्ध्र लाख भन्दा बढी लागत अनुमानका आयोजना उपभोक्ता समितिबाट कार्यान्वयन गर्दा वडा कार्यालयको सिफारिसमा विधान सहित स्थानीय तहमा उपभोक्ता समिति दर्ता गरी स्थायी लेखा नम्बर लिनुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छ। यसबाट विद्यमान उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनामा रहेका विकृति, विसङ्गति तथा वित्तीय सुशासन जोखिम न्यून हुने विश्वास लिएको छ।

२२१. प्रदेशभित्र सञ्चालन हुने कार्यक्रम तथा आयोजनाको अनुगमन र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

२२२. प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने आयोजनाहरूको कार्य सम्पादनको प्रभावकारिता वृद्धिका लागि जिल्ला समन्वय समितिलाई अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छ।

## विकास सहायता र लगानी परिचालन

२२३. प्रदेशको स्रोतबाट सम्पन्न हुन नसक्ने, ठूलो लगानी आवश्यक पर्ने आयोजनाको लागि आन्तरिक तथा बाह्य लगानीकर्तासँग छलफल तथा परामर्श गर्ने उद्देश्यले निजी क्षेत्रको समन्वय र सहकार्यमा **कर्णाली लगानी सम्मेलन** आयोजना गरिनेछ।

२२४. प्रदेशभित्र कार्यक्रम सञ्चालन गर्न चाहने विकास साझेदारले प्रदेश सरकारको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था मिलाइनेछ। सङ्घ सरकारको स्वीकृतिमा प्रदेश सरकारको आवश्यकता र प्राथमिकताको आधारमा विकास सहायता परिचालन गरिनेछ।

**२२५.** कर्णाली प्रदेश सरकार र कर्णाली प्रदेशभित्र रहेका स्थानीय तहहरूको संयुक्त लगानीमा वित्तीय संस्था स्थापना गरिनेछ। यसबाट प्रदेशभित्रको स्वरोजगारीको लागि आवश्यक पर्ने वित्तीय स्रोत सरल र सुलभ रुपमा उपलब्ध हुने अपेक्षा गरेको छु। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**वित्तीय अनुशासन तथा बजेट कार्यान्वयन**

२२६. पर्याप्त स्रोतको उपलब्धता बिना नै बहुवर्षीय ठेक्काको स्रोत सहमति दिने प्रणालीलाई सुधार गरी सहमति माग गरेको आर्थिक वर्षमा आयोजनाका लागि विनियोजित रकमको अधिकतम चार गुणाभन्दा बढी नहुने गरी बढीमा तीन वर्षको लागि स्रोतको सहमति दिने गरी मापदण्ड बनाइनेछ।

२२७. प्रदेश गौरवका आयोजना बाहेक अन्यका हकमा स्रोत सहमतिको अवधि बढीमा तीन वर्षको रहने र स्रोत सहमति प्रदान गरेको मितिले ६ महिनाभित्र ठेक्का सम्झौता नभएमा सहमति स्वतः रद्ध हुने व्यवस्था गरिनेछ। यस अघि सहमति

दिइएका मध्ये छ महिना पूरा भइ हालसम्म बोलपत्र आह्वान नभएका तथा आगामी वर्षको बजेटमा विनियोजन प्रस्ताव नगरिएका आयोजनाहरूको स्रोत सुनिश्चितता सहमति खारेज गरेको छु।

२२८. प्रदेशभित्रका आयोजना कार्यान्वयनका लागि कार्तिक महिनाभित्र ठेक्का व्यवस्थापन गरिसक्नु पर्नेछ। सो समयावधिमा ठेक्का प्रक्रिया अगाडि नबढेको कार्यक्रममा विनियोजित रकम रोक्का गर्न सकिनेछ। तोकिएका लक्ष्य समयमा नै हासिल गर्ने निकायलाई पुरस्कृत गर्ने र नगर्नेलाई दण्डित गर्ने नीति अवलम्बन गरिनेछ।

२२९. एकमुष्ट रकम विनियोजन गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्नुका साथै रकमान्तर तथा कार्यक्रम संशोधन गर्ने प्रवृत्तिमा सुधार ल्याइनेछ। आगामी आर्थिक वर्षको असोज महिनासम्म एवम् असार महिनामा रकमान्तर तथा कार्यक्रम संशोधन गरिने छैन। कुनै एक स्थानीय तहमा हस्तान्तरण भएको रकम अन्य स्थानीय तहमा रकमान्तर तथा कार्यक्रम संशोधन नगर्ने व्यवस्था मिलाएको छु।

२३०. कर्णाली प्रदेश सरकारबाट निजी तथा सामुदायिक उद्योग, कम्पनी, सङ्घ-संस्था तथा सहकारीलाई प्रदान गर्ने अनुदानलाई नतिजामुखी र उत्पादनमूलक बनाई प्रभावकारी

रुपमा कार्यान्वयन गर्न अनुदान सम्बन्धी छुट्टै ऐन तर्जुमा गरी व्यवस्थित गरिनेछ। यसबाट अनुदानमा उपलब्ध गराइएको रकमको सही सदुपयोग भई वित्तीय अनुशासन कायम हुने विश्वास गरेको छु।

२३१. योजना तथा विकास सम्बन्धी विषयहरूमा अध्ययन र अनुसन्धान गरी सरकारलाई प्रतिवेदन गर्न कर्णाली प्रदेश योजना आयोगको संरचनागत सुधार, क्षमता विकास तथा स्रोत साधन सम्पन्न गरी बौद्धिक समूह (Think Tank) को रुपमा विकास गरिनेछ।

२३२. प्रदेशको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा निर्माण हुने विस्तृत परियोजना प्रतिवेदनको गुणस्तरको सुनिश्चितताको लागि यस्ता प्रतिवेदनको पुनरावलोकन गर्न प्रदेश योजना आयोगमा आवश्यक संयन्त्रको निर्माण गरिनेछ।

२३३. प्रदेश तथा स्थानीय तहको सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन र व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन, बजेट तर्जुमा, निकासा, खर्च, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा अन्य आर्थिक गतिविधिलाई व्यवस्थित गरी वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक

तथा उत्तरदायी बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली तर्जुमा गरिनेछ।

२३४. बजेट तर्जुमा दिग्दर्शन र कार्य सञ्चालन निर्देशिका परिमार्जन गरी बजेट तर्जुमा तथा खर्च प्रणालीलाई नतिजामुखी बनाइनेछ। साथै आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनेछ।

२३५. प्रदेश बेरूजु व्यवस्थापन सूचना प्रणालीलाई पूर्ण रुपमा कार्यान्वयन गरी बेरूजु फछ्र्यौटको लागि लेखा उत्तरदायी अधिकृतलाई जिम्मेवार र जवाफदेही बनाइनेछ। आगामी वर्ष कानुन तर्जुमा गरी पुराना सवारी साधन लगायतका मेशिनरी औजार र फर्निचर लिलाम गरी लगत कट्टा गर्ने व्यवस्था मिलाइनेछ।

२३६. बजेटको न्यूनताका कारण प्रशासनिक खर्चमा कटौती गरेको छु। आगामी आर्थिक वर्षमा अत्यावश्यक बाहेक थप आर्थिक दायित्व सिर्जना हुने गरी नयाँ संरचनाहरू स्थापना गरिने छैन। चालु खर्च माथिको दबाब कम गर्न प्रदेश मातहत रहेका सबै निर्देशनालयहरूलाई कार्यप्रकृतिका आधारमा सम्बन्धित मन्त्रालयमा गाभ्ने तथा जिल्ला कार्यालयका रुपमा रुपान्तरण गरिनेछ। सरकारका नियमित संरचनाबाट सम्पादन हुने कामका लागि अलग्गै संरचना वा निकाय सिर्जना गर्न र

परामर्श सेवा लिन तथा स्वीकृत दरबन्दी भन्दा बढी सङ्ख्यामा सेवा करार लिन नपाइने व्यवस्था मिलाएको छु।

२३७. कर्णाली प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कनको लेखाजोखा गरी प्राप्त नतिजाका आधारमा मन्त्रालयहरुको बजेट सीमा निर्धारण गरिनेछ। बजेट प्रणालीलाई थप सक्षम, सुदृढ, कार्यान्वयनयोग्य र नतिजामूलक बनाइनेछ।

**माननीय सभामुख महोदय,**

अब, म माथि प्रस्तुत क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु।

२३८. आगामी आर्थिक वर्षमा प्रस्ताव गरिएका नीति, कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयन गर्न रू. ३३ अर्ब ३७ करोड ९७ लाख ७ हजार विनियोजन गरेको छु। कुल विनियोजनमध्ये प्रदेशले खर्च गर्ने चालु तर्फ रू. ९ अर्ब २० लाख २४ हजार अर्थात् २६.९७ प्रतिशत, पुँजीगततर्फ रू. १९ अर्ब ५७ करोड ७२ लाख ४३ हजार अर्थात् ५८.६५ प्रतिशत र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रू. ४ अर्ब ८० करोड ४ लाख ४० हजार अर्थात् १४.३८ प्रतिशत विनियोजन गरेको छु।

२३९. आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रू. ८३ करोड ६२ लाख १२ हजार, चालु आर्थिक वर्षको खर्च नभइ बचत हुने अनुमानित रकम रू. ७ अर्ब ४१ करोड ६ लाख ५ हजार, सङ्घीय सरकारबाट राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम रू. ८ अर्ब ८४ करोड ३ लाख र वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुन आएको रू. १० अर्ब १६ करोड ४१ लाख र सशर्त अनुदानबाट रू. ४ अर्ब ७५ करोड ३ लाख परिचालन गरिनेछ। सङ्घीय सरकारबाट प्राप्त हुने समपूरक अनुदानतर्फ रू. ७६ करोड १६ लाख र विशेष अनुदानतर्फ रू. ५९ करोड ७९ लाख परिचालन गरिनेछ। सङ्घीय सरकारबाट सशर्त अनुदानमा प्राप्त हुने वैदेशिक सहायता बाहेक अन्य वैदेशिक सहायताबाट सञ्चालित हुने कार्यक्रम कार्यान्वयनका लागि रू. १ करोड ८६ लाख ९० हजार स्रोत परिचालन हुनेछ।

२४०. आर्थिक वर्ष २०७८/७९ को यथार्थ खर्च, आर्थिक वर्ष २०७९/८० को संशोधित अनुमान र आर्थिक वर्ष २०८०/८१ को अनुमानित आय व्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु। सोको विस्तृत विवरण छुट्टै प्रस्तुत गरेको छु। विषयगत मन्त्रालयहरूको चालु आर्थिक वर्षको प्रगति विवरण समेत आजै प्रस्तुत गरेको छु।

माननीय सभामुख महोदय,

अब म आगामी आर्थिक वर्ष २०८०/८१ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

२४१. करको दायरा विस्तार गरी प्रदेशको आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी बनाउन सङ्घ तथा स्थानीय तहसँग समन्वय गरिनेछ। कर प्रणालीलाई सरलीकृत र सूचना प्रविधिमैत्री बनाइनेछ।

२४२. कर प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाई करदातामैत्री कर प्रशासनमार्फत् राजस्व सङ्कलन कार्यलाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्षको राजस्व नीति तथा कार्यक्रमको उद्देश्यहरू देहाय अनुसार प्रस्तुत गरेको छु।

(क) प्रदेशको एकल तथा साझा अधिकार क्षेत्रका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई करको दायरा विस्तार गर्ने।

(ख) कर प्रणालीलाई सरल, सहज, मितव्ययी र प्रविधिमैत्री बनाई स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने।

(ग) करको संरचना र दरमा समयानुकूल परिमार्जन गरी कर प्रणालीलाई व्यवस्थित बनाउने।

(घ) प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता विकास गरी कर छली तथा चुहावट नियन्त्रण गर्ने।

(ङ) प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त हुने रोयल्टीको हिस्सा अभिवृद्धि गर्न विद्यमान कानुन संशोधनका लागि आवश्यक पहल गर्ने।

(च) प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत स्थानीय तहबाट सङ्कलन भइ प्रदेशमा बाँडफाँट मार्फत प्राप्त राजस्वलाई अनुमानयोग्य, स्वचालित र व्यवस्थित बनाउने।

(छ) प्रदेश सरकार समेतको लगानीमा निर्माण भएका पर्यटकीय संरचनाबाट स्थानीय तह वा सम्बन्धित समिति मार्फत सङ्कलन हुने शुल्कको तोकिएको दर बमोजिमको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था गर्ने।

(ज) प्रदेशको राजस्व अधिकार, कर्णाली प्रदेशको स्रोतको सम्भावना र मुलुकको अर्थतन्त्रमा यस प्रदेशबाट पुग्न सक्ने योगदान सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने।

२४३. प्रदेशभित्रका सरकारी सवारी साधनलाई कर्णाली प्रदेशमै दर्ता गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छु।

२४४. आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेशमा लगाइने कर तथा शुल्कहरूको विवरण आर्थिक विधेयकमा उल्लेख गरेको छु।

**राजस्व छुट तथा सहुलियत**

२४५. दुई वा दुईभन्दा बढी पक्षले आपसी सहमतिमा कृषि प्रयोजनका लागि जग्गाको चक्लाबन्दी गर्न हक हस्तान्तरण गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु।

२४६. प्रदेशभित्र सुर्ती र मदिराजन्य बाहेकका उत्पादनमूलक उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क शत प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु।

२४७. उत्पादनका मितिले दश वर्ष सम्मका सवारी साधन अन्य प्रदेशबाट सरुवा दर्ता सहमति लिइ कर्णाली प्रदेशमा दर्ता हुन आएमा व्यक्तिगत सवारी साधनको हकमा दर्ता शुल्कमा शत प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु।

**माननीय** सभामुख **महोदय,**

२४८. आगामी आर्थिक वर्षमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान बढ्ने, पुँजीगत खर्च अभिवृद्धि हुने, पूर्वाधार निर्माणको कार्यले

गति लिने तथा विभिन्न महामारी र आर्थिक शिथिलताको असर कम हुँदै जाँदा समग्र आर्थिक गतिविधिहरू बढोत्तरी भइ ४.१ प्रतिशत आर्थिक वृद्धि हासिल हुने अपेक्षा गरेको छु।

२४९. मैले प्रस्तुत गरेको यस बजेटको कार्यान्वयनबाट नेपाली जनताका संविधान प्रदत्त मौलिक हक र अधिकारको सुनिश्चित हुँदै जाने, आधारभूत पूर्वाधार निर्माण हुने, बहुआयामिक गरिबीमा कमी आउने, खर्च प्रणालीमा सुधार भइ वित्तीय अनुशासन कायम हुने, कर्णाली प्रदेशको आर्थिक, सामाजिक, मानवीय लगायत समग्र विकास र सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता एवम् गुणस्तर अभिवृद्धि हुने, आम नागरिकमा आर्थिक तथा सामाजिक क्षेत्रमा सकारात्मक परिवर्तनको अनुभूति हुने विश्वास लिएको छु।

**माननीय** सभामुख **महोदय,**

२५०. यो बजेट तर्जुमाको लागि मार्गदर्शन गर्नुहुने माननीय कर्णाली प्रदेशका प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री, प्रदेश सभाका माननीय सभामुख, माननीय उपसभामुख प्रति हार्दिक सम्मान र आभार व्यक्त गर्दछु।

२५१. बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा व्यापक छलफल गरी महत्त्वपूर्ण सुझाव प्रदान गर्नुहुने प्रमुख

प्रतिपक्ष दलका नेता, प्रदेश सभाका माननीय सदस्यहरूप्रति हार्दिक आभार प्रकट गर्दछु।

२५२. यस बजेट तर्जुमाका क्रममा महत्त्वपूर्ण सल्लाह सुझाव दिनु हुने प्रदेशका पूर्व मुख्यमन्त्रीज्यूहरू, पूर्व आर्थिक मामिला तथा योजना मन्त्रीहरू, राजनीतिक दलका नेताहरू, प्रदेश सभाका समितिका पदाधिकारीहरू, कर्णाली प्रदेश योजना आयोग, स्थानीय तहका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, उद्योगी, व्यवसायी, नागरिक समाज, विकास साझेदार, सञ्चार जगत् लगायत सबैलाई धन्यवाद ज्ञापन गर्दछु। साथै बजेट तर्जुमाका बखत प्राप्त सहयोग बजेट कार्यान्वयनमा समेत रहने विश्वास लिएको छु।

२५३. अन्त्यमा, कर्णाली प्रदेशको विकास प्रयास र कर्णालीबासीको जीवनस्तरमा उल्लेखनीय रुपमा सुधार ल्याउन सबै एकजुट हुन समेत हार्दिक अनुरोध गर्दछु।

**धन्यवाद।**